पोखरा रोयल साकोसको बुलेटिन

# सहकारी समाचार

❑ २०८२ पौष ❑ वर्ष २० ❑ अंक १ (संकलित अंक)

## प्रमुख कार्यकारी अधिकृतको सन्देश...



कोभिड १९ को महामारीका कारण थलिएका आर्थिक गतिविधी चलायमान भएसंगै संस्थाबाट नियमित रुपमा प्रकाशन हुँदै आएको सहकारी समाचार बुलेटिन केहि समय विधुतीय संस्करणमा प्रकाशन भयो । संस्थाले गरेका गतिविधीलाई सदस्य र समुदाय माझ पुऱ्याउन सहकारी बुलेटिन एउटा सशक्त माध्यम बन्दै आएको छ । त्यहि पुरानो लयलाई पक्रदैं हामी पुनः तपाईहरुको हात हातमा संस्थाले गरिरहेका महत्वपूर्ण गतिविधी, सूचना र सेवाको कोसेली लिएर उपस्थित भएका छौं ।

**सुखी सदस्य, दिगो सहकारी** को परिकल्पनाका साथ हामी २३औं वसन्त पार गर्दै २४औं वसन्तमा प्रवेश गरेका छौं । यस अवधिमा हामीले सदस्यता विस्तार, पूँजी संकलन, जगेडा कोष निर्माण, वित्तीय साक्षरता शिक्षा, विधुतीय सेवा प्रवाह, प्रतिस्पर्धी दरमा वित्तीय सेवा र सहकारी संस्कार स्थापना गर्ने विषयमा समुदायको अग्रणी र पहिलो रोजाईको संस्थाको रुपमा विकास भएका छौं । सहकारी मार्फत १० हजार बढी सदस्यलाई सेवा प्रवाह गर्दै नेपालकै एक उत्कृष्ट र दिगो सहकारीको रुपमा उदय हुनु पक्कै पनि सदस्यहरुको विश्वास र भरोसाको नतिजा हो । यो अभियान र सफलतालाई हामी संधै उच्च मूल्यांकन गर्दै शिखरमा राखिरहने नै छौं ।

अन्तमा, वर्तमान तरल वित्तीय बजारमा देखिएको अन्यौललाई चिर्दै सहकारीको सैद्धान्तिक ज्ञान हासिल गर्न, सदस्यहरुको काम, कर्तव्य र भूमिका बारे जानकारी लिन, संस्थाको वित्तीय अवस्था र सेवा बारे स्पष्ट हुन साथै सरकारले जारी गरेको नीतिगत विषयहरु थाहा पाउन यस्ता खाले बुलेटिनहरुले सहयोग गर्ने नै छ । यो संस्करण तपाईहरुको घरदैलो र विधुतीय प्लेटफर्महरुमा उपलब्ध हुने नै छ । आगामी दिनमा हामी नयाँ रणनैतिक योजनाका साथ सदस्य केन्द्रित गतिविधी र कार्यक्रमहरु लिएर सदस्य सेवामा हाजिर हुने छौं ।
जय सहकारी ॥

## अध्यक्षको सन्देश...

पोखरा रोयल साकोसको बुलेटिन **सहकारी समाचारको** अर्को नयाँ अंक मार्फत पछिल्लो गतिविधीहरु लिएर तपाईहरु माझ आउन पाँउदा अत्यन्तै खुशी लागेको छ । हामीले सदस्य र समुदायको क्षेत्रमा गरेका जनमुखी कामहरुको बारेमा समुदायस्तरमै जानकारी गराउन आवधिक रुपमा **सहकारी बुलेटिन** प्रकाशन गर्दै आएका छौं । यसले संस्थाको वित्तीय अवस्था र सामाजिक गतिविधीहरुको बारेमा स्पष्ट पार्ने हामीले विश्वास गरेका छौं ।



सुखी सदस्य, दिगो सहकारीको मूल मर्मलाई व्यवहारमा उतार्न हामीले वित्तीय तथा गैह्र वित्तीय गतिविधी मार्फत सदस्यहरुमा निरन्तर काम गरिरहेका छौं । देशको वर्तमान वित्तीय अवस्था अधिक तरलताको मारमा गुज्रिरहेको छ । अर्कोतर्फ व्यवसायमा आएको गिरावट, व्याजदरमा देखिएको ह्रास र आर्थिक मन्दीको चपेटाले नागरिकहरुको आयस्तरमा प्रतिकूल असर परेको छ । यस्तो अवस्थामा सदस्यहरुलाई संस्थाको वास्तविक वित्तीय अवस्था र सदस्य हितका क्षेत्रमा गरिरहेको पहलकदमीको यथार्थ जानकारी गराउनु हाम्रो कर्तव्य हो । सहकारी समाचार बुलेटिनको यो अंकमा पछिल्लो समयमा संस्थाले समुदायमा गरेका गतिविधीहरु प्रस्तुत गरिएको छ ।

हामी सहकारी अभियानमा संधै नयाँ आशा संचार गरिरहेका छौं । आगामी दिनमा सदस्य केन्द्रित र जनमुखी गतिविधीहरुलाई सहकारी समाचारमा समेटी तपाईहरुको साथमा आउने नै छौं । तपाईहरुको संधै साथ, सहयोग र सुझावको अपेक्षा गर्दछौं । सबैमा हार्दिक धन्यवाद सहित शुभकामना ।

## प्राधिकरणबाट इजाजतपत्र पाउने पहिलो सहकारी

स्रोतः वित्तीय पोष्ट

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरुका लागि सञ्चालन इजाजतपत्र जारी गर्न सुरु गरेको छ । प्राधिकरणबाट सञ्चालन इजाजतपत्र पाउने सहकारी पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि. कास्की बनेको छ ।

प्राधिकरणले २०८२ मंसिर १० गते 'सहकारी दर्ता पोर्टल' सार्वजनिक गरेको थियो । प्राधिकरणले २०८२ मंसिर २४ गते बुधबारबाट सञ्चालन इजाजतपत्र जारी गर्न सुरु गरेको अध्यक्ष डा. खगराज शर्माले वित्तीय पोस्टलाई जानकारी दिए। 'इजाजतपत्र नं. ००००१ परिक्षणको क्रममा इन्ट्रि भएको छ । प्राविधिक रुपले त्यलाई हटाउन मिल्दैन । पोखरा


राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार

अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

इजाजतपत्र नं.: २०५९-००००२

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

सहकारी संस्थाको नाम: पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
दर्ता नं र दर्ता गर्ने निकाय: २५०-२०५८/०५९, सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश, पोखरा नेपाल
कार्यक्षेत्र: कास्की, स्याङ्जा, तनहुँ, लमजुङ र पर्वत जिल्ला भर
कार्य: बचत तथा ऋणको मुख्य कारोबार

जारी गर्ने अधिकारी
नाम: भिम बहादुर बुढा
पद: निर्देशक
जारी मिति: २०८२-०८-२४

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

रोयल बचत तथा ऋण सहकारी संस्थाले इजाजतपत्र नं. ००००२ प्राप्त गरेको छ ।

## को-अपरेटिभ कलेज मलेसियासँग सम्वन्ध बिस्तार

पोखरामा रहेको पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था र कोअपरेटिभ कलेज अफ मलेसिया बीच सम्वन्ध बिस्तार भएको छ। अन्तर्राष्ट्रिय सहकारी वर्ष २०२५ को अवसरमा सो कलेजका डाईरेक्टर जनरल दातुक मोहमद अलिविन मन्सुरको निमन्त्रणामा संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गको नेतृत्वमा सहकारीका सञ्चालक, लेखा समिति र कर्मचारीहरुको एक टोलीले कलेजको औपचारिक भ्रमण गर्नुभएको हो । सो अवसरमा डाईरेक्टर जनरल दातुक मोहमद अलिविन मन्सुर र व्यवस्थापन समूहले सहभागीहरुलाई स्वागत गर्दै कलेज परिसर, कक्षा कोठा, सभाकक्ष, सहकारी पसल आदि स्थानको अध्ययन अवलोकन भ्रमण गराउनुभएको थियो ।

मलेशियाको एक मात्र सहकारी शिक्षा तथा तालिम केन्द्रको रुपमा प्रख्याती कमाएको उक्त कलेज सन् १९५६ मा स्थापना भएको हो । हाल सहकारी कलेजलाई कोअपरेटिभ इन्स्टिच्यूट अफ मलेशियाको नामबाट सञ्चालन गरिएको छ । कलेजले सहकारी व्यवस्थापनमा एम.बि.ए., लेखा परिक्षण, मानव



संसाधन व्यवस्थापन र डेस्कटप प्रकाशन सम्वन्धी, प्रार्थना कक्षा, पुस्तकालय साथै व्यवसाय प्रशासनमा स्नातक डिग्री र अर्न्तराष्ट्रिय स्तरको तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ भने एउटा सहकारी पसल समेत सञ्चालनमा ल्याएको छ । हाल मलेशियाभर १६ हजार ९ वटा सहकारीमा ७२ लाख सदस्यहरु आवद्ध रहेका छन् । मलेशियामा सहकारी संघ संस्थालहरुले विशेष गरि बैंकिङ्ग, बचत तथा ऋण, कृषि, यातायात, उपभोक्ता पसल, हाउजिङ्ग, निर्माण व्यवसाय, उद्योग र सेवा क्षेत्रमा काम गरिरहेको कलेजका भाईस चान्सलर प्रा.डा.अजली विन महमदले बताउनुभयो ।

भेटका अवसरमा पोखरा रोयल सहकारीको तर्फबाट सञ्चालक हरिबहादुर गुरुङ्गले संस्थाले गरिरहेका असल अभ्यासहरुको संक्षिप्तमा प्रस्तुतिकरण गर्नुभएको थियो भने अध्यक्ष रुद्रकुमारी गुरुङ्ग, सचिव केशव प्रसाद ढकाल, लेखा समिति संयोजक हर्कबहादुर गुरुङ्ग, सञ्चालक एकबहादुर गुरुङ्ग


### उधमी सदस्यहरुलाई सूचना

**यस पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले प्रधान कार्यालय बुद्धचोक पोखरामा "सहकारी कोसेली घर" स्थापना गरेको सम्पूर्ण सदस्य महानुभावहरुमा जानकारी गराउँदछौं ।**

**कोसेली घर मार्फत सदस्यहरुले उत्पादन गरेको स्थानीय उत्पादन, पुस्तक, मायाको चिनो जस्ता सामग्रीको प्रचार प्रसार, बिक्री वितरण तथा बजारीकरण गरिने भएकोले इच्छुक उधमी सदस्यहरुले आफूसँग भएको उत्पादन तथा सामग्री बारे संस्थामा जानकारी गराई सूचिकृत गरिदिन हुन सहर्ष जानकारी गराउँछौं ।**




"सुखी सदस्य, दिगो सहकारी"

लगायतले छलफलमा भाग लिनुभएको भ्रमण दलका सदस्य तथा संस्थाका अधिकृत उमनाथ आचार्यले बताउनुभयो । कार्यक्रममा दुबै टोलीका तर्फबाट मायाको चिनो साटासाट गर्नुका साथै भविष्यमा अन्तर सहकारी सम्वन्ध मार्फत मानव पूँजीको उच्चतम प्रयोग गर्दै उच्च स्तरको तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र दुई संस्था बीच रणनैतिक सम्वन्ध स्थापित हुने प्रतिवद्धता समेत व्यक्त गरिएको थियो । स्मरण रहोस् कोअपरेटिभ कलेज अफ मलेशियाका प्रतिनिधिहरुले यस अघि पोखरा रोयल सहकारीमा दुई पटक अवलोकन गरी अनुभव आदानप्रदान गरेको संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनुभयो ।


## पोखरा रोयल सहकारी नै किन ?

- राष्ट्रिय सहकारी पुरस्कारबाट सम्मानित संस्था
- उत्कृष्ट करदाताको रुपमा सम्मानित संस्था
- उत्कृष्ट संस्था र उत्कृष्ट अध्यक्ष बाट पुरस्कृत संस्था
- उत्कृष्ट सिइओ र उत्कृष्ट व्यवस्थापक बाट सम्मानित संस्था
- नीति, विधी र प्रविधीमैत्री संस्था
- ५ जिल्ला कार्यक्षेत्र र ४ वटा कार्यालय भएको संस्था
- बलियो संस्थागत पूँजी भएको संस्था
- शेयर पूँजी भन्दा जगेडाकोष बढी भएको संस्था
- आफ्नै भवनबाट कारेवार गर्ने संस्था
- ७० प्रतिशत महिला र ४० प्रतिशत युवा सहभागी भएको संस्था
- सदस्यहित र सामुदायिक सेवामा समर्पित संस्था
- स्तरीकरण कार्यक्रममा सहभागी संस्था
- सुरक्षा र समृद्धिको सारथी, समुदायको पहिलो रोजाईको संस्था

## के तपाई

पोखरा रोयल सहकारी संस्थाको सदस्य भएकोमा गौरव गर्नु हुन्छ ?

यदि गर्नु हुन्छ भने . . .

१) तपाईको मासिक नियमित बचत छुटिरहेको छ कि ?
२) तपाईले लिनु भएको ऋणको किस्ता नाघ्न आँट्यो कि ?
३) तपाईको बचत र शेयरको अनुपात मिलेको छैन कि ?
४) ए.टि.एम. कार्ड लिनु भएको छैन कि ?
५) मोवाईल वैकिङ सेवा लिनु भएको छैन कि ?
६) संस्थामा नियमित रुपमा आउन नभ्याई रहनु भएको छ कि ?
७) संस्थामा दिनुपर्ने कागजातहरु छुटिरहेको छ कि ?
८) संस्थावाट तपाईको काममा ढिला सुस्ती भएको छ कि ?
९) संस्था कसरी चल्दैछ जानकारी राख्न विर्सनु भएको छ कि ?
१०) कुनै सदस्य, कर्मचारी वा समितिवाट संस्थालाई हानी नोक्सानी पुऱ्याउने काम भएको देख्नु भएको छ कि ?
११) तपाई आफ्नो कर्तव्यलाई पछि राखेर अधिकारलाई मात्र अघि सारिरहनु भएको छ कि ?
१२) रोयल फाउण्डेसनमा तपाईको योगदान छुटेको छ कि ?


## सहकारी पुरस्कारको लागि १ लाख ११ हजार १११

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ६७औं राष्ट्रिय सहकारी दिवसको अवसरमा १ लाख ११ हजार १११ रुपैयाँ जिल्ला सहकारी संघ लिमिटेड कास्कीलाई हस्तान्तरण गरेको छ । सो अवसरमा पोखरामा आयोजित एक भव्य कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गले जिल्ला सहकारी संघ लि. कास्कीका अध्यक्ष एवं दिवसका मूल समारोह समिति कास्कीका अध्यक्ष सावित्रा कोईरालालाई हस्तान्तरण गर्नुभएको हो । कास्की जिल्लामा क्रियाशिल सहकारी संस्थाका अध्यक्षहरु मध्ये उत्कृष्ट काम गर्ने एकजना अग्रज सहकारी कर्मीलाई अक्षय कोषको ब्याजबाट वार्षिक रुपमा सम्मान एवं पुरस्कृत गर्न यो कोषको स्थापना गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहमदुर गुरुङ्गले बताउनुभयो । पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष स्व.मेजर तुलसीप्रसाद गुरुङ्गको सम्झनामा स्थापित उक्त कोषले वहाँको सहकर्मी अग्रजहरु र सहकारीमा लाग्ने असल अभियानकर्मीहरुको लागि थोरै भएपनि सम्मान दिलाउने कार्य हुन सक्ने प्रमुख कार्यकारी अधिकृतको बुझाई छ ।

पोखरा रोयल बचत तथा ऋण सहकारीले यसभन्दा अगाडिदेखि राष्ट्रिय सहकारी पुरस्कार, क्षेत्रीय पत्रकारिता पुरस्कार, प्रतिभा पुरस्कार तथा विभिन्न विधामा दर्जनौ श्रष्टा तथा सहकारी अभियन्ताहरुलाई पुरस्कृत गर्दै आईरहेको र हाल स्थापित पुरस्कार कोषले जिल्ला सहकारी मार्फत असल र सफल सहकारी अभियन्ताहरुको कामको मूल्यांकन गर्दै सम्मान गर्ने संस्कार वृद्धि हुनेछ । पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष मे.तुलसीप्रसाद गुरुङ्गको २०८० श्रावण ६ गते ८४ वर्षको उमेरमा निधन भएको थियो । मेजर तुलसीप्रसाद गुरुङ्गले संस्थामा करिब २० वर्ष अध्यक्षको रुपमा योगदान दिएको संस्थाका सूचना अधिकारी एवं मुख्य प्रवन्धक मीलन ढकालले बताउनुभयो ।





## हाम्रा सेवाहरु (Our Services)

**निक्षेप तर्फ (Deposit)**

- रोयल बचत (Royal Saving)
- नारी बचत (Women Saving)
- मासिक नियमित बचत (Monthly Regular Saving)
- रेमिट्यान्स बचत (Remittance Saving)
- लाभांश बचत (Dividend Saving)
- बिमा बचत (Insurance Saving)
- छुनुमुनु बचत (Chhunumunu Saving)
- भ्रमण बचत (Travel Saving)
- आकस्मिक बचत (Emergency Saving)
- आवधिक बचत (Recurring Saving)
- जेष्ठ नागरिक बचत (Senior Citizen Saving)
- मुद्धती बचत (Fixed Saving)

**ऋण तर्फ (Loan)**

- व्यापार/व्यवसाय ऋण (Commercial Loan)
- वैदेशिक रोजगार ऋण (Foreign Employment Loan)
- समूह जमानत ऋण (Group Guarantee Loan)
- घर/जग्गा खरिद ऋण (Real Estate Loan)
- सवारी साधन खरिद ऋण (Hire Purchase Loan)
- आवास/घर निर्माण ऋण (Housing Loan)
- कृषि ऋण (Agriculture Loan)
- व्यक्तिगत ऋण (Personal Loan)
- शैक्षिक ऋण (Education Loan)
- निक्षेप ऋण (Deposit Loan)
- पेशागत ऋण (Professional Loan)
- सरल ऋण (Easy Loan)

## प्रहरी कार्यालयलाई प्रिन्टर हस्तान्तरण

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ईलाका प्रहरी कार्यालय बेलचौतारालाई एक थान रंगीन प्रिन्टर र केहि कार्यालय सामग्री हस्तान्तरण गरेको छ। ईलाका प्रहरी कार्यालय बेलचौताराबाट हुने अपराध अनुसन्धान कार्यको लागि सहयोग गर्ने उद्देश्यका साथ संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गले ईलाका प्रहरी कार्यालयका प्रमुख इन्स्पेक्टर पोषण थापालाई हस्तान्तरण गर्नुभएको हो । उक्त अवसरमा इन्स्पेक्टर पोषण थापाले सहकारीले गरेको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै पोखरा रोयल सहकारीको छबि र सामाजिक उत्तरदायित्व साथै यसले समाजमा गरेको योगदान सराहनीय रहेको बताउनु हुँदै प्रहरी, नागरिक समाज र विभिन्न सामाजिक संघ संस्थाको सहकार्यबाट शान्ति सुरक्षा र असल समाज निर्माण गर्न सक्ने बताउनु भयो । सुखी सदस्य र दिगो सहकारीको परिकल्पनाका साथ संस्थाले १० हजार बढी सदस्यलाई वित्तीय सेवा प्रदान गरिरहेको, प्रधान कार्यालय पोखरा लगायत शुक्लागण्डकी ४ दुलेगौंडा तनहुँ, पोखरा २९ भण्डारढिक र पोखरा ३० मोहरिया सेवाकेन्द्रबाट सेवा प्रदान गरिहेको संस्थाका सूचना अधिकारी मीलन ढकालले जानकारी गराउनुभयो । तनहुँको दुलेगौंडा सेवाकेन्द्र अर्न्तगत २१७५ जना सदस्य र ३० करोड बराबरको कारोबार रहेका छन् । कार्यक्रममा संस्थाका समिति उपसमिति र उच्च व्यवस्थापन अधिकारीहरु समेत उपस्थित रहेका थिए ।





## हार्दिक बधाई

### संचालक समिति



रुद्र कुमारी गुरुङ (मैना) – अध्यक्ष
चन्द्र प्रसाद गुरुङ – उपाध्यक्ष
केशव प्रसाद ढकाल – सचिव
सूर्य मोहन ढकाल – कोषाध्यक्ष
एक बहादुर गुरुङ – सदस्य
खिम कुमारी गुरुङ – सदस्य
जङ्ग बहादुर गुरुङ – सदस्य
हिरा लाल श्रेष्ठ – सदस्य
पूर्णिमा अधिकारी – सदस्य

### लेखा सुपरिवेक्षण समिति

नारायण सुवेदी – संयोजक
अपीला ढकाल – सदस्य
दुर्लब थापा – सदस्य

संस्थाको २४औं वार्षिक साधरण सभाबाट अध्यक्ष पदमा रुद्र कुमारी गुरुङ, उपाध्यक्ष चन्द्र प्रसाद गुरुङ , सचिब केशव प्रसाद ढकाल, कोषाध्यक्ष सूर्य मोहन ढकाल तथा सञ्चालक सदस्यहरूमा एक बहादुर गुरुङ, खिम कुमारी गुरुङ, जङ्ग बहादुर गुरुङ, हिरालाल श्रेष्ठ र पूर्णिमा अधिकारी एवं लेखा सुपरिवेक्षण समितिमा नारायण सुवेदी संयोजक सदस्यहरू अपीला ढकाल र दुर्लब थापा निर्विरोध निर्वाचित हुनु भएकोमा सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**भीमबहादुर गुरुङ**
प्रमुख कार्यकारी अधिकृत

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार
Pokhara Royal Saving & Credit Co-operative Society Limited
पोखरा-१०, बुद्धचोक, कास्की, फोन नं.: ०६१-५८८८३३

wwww.royalcooperative.com
Pokhara 10, Buddhachowk, Kaski


## बचतका प्रकारहरू

| क.सं. | खाताको नाम | क.सं. | खाताको नाम |
|---|---|---|---|
| १ | रोयल बचत | ७ | संस्थागत बचत |
| २ | मासिक नियमित बचत | ८ | कर्मचारी बचत |
| ३ | लाभांश बचत | ९ | भ्रमण बचत |
| ४ | रेमिटान्स बचत | १० | वीमा बचत |
| ५ | जेष्ठ नागरिक बचत | ११ | छुनुमुनु बचत |
| ६ | नारी बचत | १२ | आकस्मिक बचत |
| | अन्य | | |
| १३ | आवधिक बचत- निश्चित समय अवधि निर्धारण गरेर क्रमिक रुपमा रकम जम्मा गर्ने | | |
| १४ | मुद्धती बचत- निश्चित समय अवधि निर्धारण गरेर खाता खोल्दा मात्र रकम जम्मा गर्ने | | |

*नोट : सबै सदस्यहरुले अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने खाताहरु रोयल बचत, मासिक नियमित बचत तथा लाभांश बचत खाता हुन भने अन्य खाताहरु ऐच्छिक हुन ।*

**रोयल बचत**
- जुन सुकै वेला जति पनि रकम जम्मा तथा भुक्तानी
- भुक्तानी पुर्जा (चेक), मोबाईल बैंकिङ तथा डेविड कार्डबाट भुक्तानी

**मासिक नियमित बचत**
- मासिक रुपमा १ सय देखी १० हजार सम्म जम्मा गर्न सकिने
- १० वर्षमा ९० प्रतिशत भुक्तानी
- ५ वर्षमा ५० प्रतिशत भुक्तानी
- ८० प्रतिशत सम्म निक्षेप ऋण

**रेमिटान्स बचत**
- रेमिटबाट प्राप्त रकम जम्मा गर्न सकिने
- जुनसुकै वेला भुक्तानी व्यवस्था

**जेष्ठ नागरिक बचत**
- ६५ बर्ष उमेर पुगेको सदस्यले सञ्चालन गर्न सक्ने
- जुन सुकै वेला रकम भुक्तानी

**नारी बचत**
- महिला सदस्यहरुले सञ्चालन गर्न सक्ने
- जुन सुकै वेला भुक्तानी व्यवस्था

**संस्थागत बचत**
- सामाजिक संघ संस्थाले सञ्चालन गर्न सकिने
- संघ संस्थाले अनिवार्य रुपमा संस्थाको शेयर सदस्यत लिनु पर्ने ।
- जुन सुकै वेला भुक्तानी व्यवस्था

**भ्रमण बचत**
- स्वदेश तथा विदेश भ्रमणको लागि जम्मा गर्न सकिने
- भ्रमण जाने वेलामा भुक्तानी हुने

**वीमा बचत**
- जिवन र निर्जिवन वीमाको लागि सञ्चालन गर्न सक्ने
- विमाको रकम तिर्ने वेलामा भुक्तानी

**छुनुमुनु बचत**
- अभिभावक संस्थाको सदस्य अनिवार्य
- बचतकर्ता १६ बर्ष उमेर पुगे पछि भुक्तानी हुने
- वच्चाको शिक्षा स्वास्थ्यको लागि समेत भुक्तानी हुने

**अन्य बानी जस्तै बचत गर्ने पनि बानी हो. त्यसैले बचत गर्ने बानी बसालौ ।**
**जब बचत गर्ने बानी बस्छ. सुरक्षित जीवनशैली निर्माण हुन्छ ।**

## रोयलको प्रतिनिधि रोचडेल सहकारीमा

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका मुख्य प्रवन्धक मीलन ढकालको नेतृत्वमा संस्थाका सदस्यहरुले बेलायतको म्यान्चेष्टरमा रहेको रोचडेल सहकारीको म्यूजियमको अध्ययन अवलोकन भ्रमण गर्नुका साथै अन्तर सहकारी सम्वन्धका विषयमा छलफल गर्नुभएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसिए) र संयुक्त राष्ट्रसंघको संयुक्त आव्हान बमोजिम वर्ष २०२५ लाई दोस्रो अन्तर्राष्ट्रिय सहकारी वर्षको रुपमा मनाउने घोषणा गरिए बमोजिम रोचडेल म्यूजियम भ्रमण गर्ने अवसर मिलेको हो । सन् २०१२ मा पहिलो पटक अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउदै गर्दा संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम गुरुङ्ग लगायत दर्जनौ नेपाली सहकारीकर्मीहरुले बेलायतमा रहेको रोचडेल म्यूजियमको भ्रमण गर्ने अवसर प्राप्त गरेका थिए । सहकारीको उद्‌गम स्थल, पवित्र भूमिको रुपमा परिचित रोचडेल म्यूजियम जोकोही सहकारीकर्मीको पहिलो छनौटको विषय बन्दै आएको छ। सन् १८४४ मा बेलायतको म्यानचेष्टर शहरमा स्थापना भएको रोचडेल पायनियर इक्विटेवल सोसाईटीको पदचाप गर्दै हाल विश्वभर लाखौ सहकारीमा १ अर्ब भन्दा बढी मानिसहरु सदस्यको रुपमा र २८ करोड भन्दा बढी मानिसहरु कर्मचारीका रुपमा आवद्ध भएका छन् ।

यसै क्रममा मुख्य प्रवन्धक ढकालले ब्राडफोर्ड स्थित ब्राडफोर्ड डिस्ट्रिक्ट क्रेडिट युनियनको समेत अवलोकन गरि पोखरा रोयल सहकारी र त्यहाँको क्रेडिट युनियन बीच आपसी सम्वन्ध कायम गर्ने विषयमा छलफल समेत गर्नुभएको छ। संस्थाका शेयर सदस्य तथा ननीटन शहर निवासी ब्रिटिस आर्मीबाट सेवानिवृत्त समाजसेवी अनरेरी लेफ्टिनेन्ट ओमप्रकाश गुरुङ्को समन्वयमा ब्राडफोर्ड र बेडवर्थ बोरोह काउन्सिलका मेयरहरु बेभर्ली मुलानी र बिल हानकुकसंग भेट गरि अनुभव आदानप्रदान भएको मुख्य प्रवन्धक ढकालले बताउनुभयो । पोखरा रोयल सहकारीमा धेरै सदस्यहरु लाहुरे पृष्ठभूमिको रहेको र हालका अध्यक्ष समेत बेलायती सेनाको सेवानिवृत्त ब्रिटिस सेनाका परिवार भएको सुनाउदा मेयरहरु निकै उत्साहित भएको र छिट्टै नै नेपाल भ्रमण गरि संस्थाको गतिविधि हेर्न चाहेको शेयर सदस्य ओमप्रकाश गुरुङ्गले बताउनुभयो ।





## बंगलादेशको सहकारीकर्मीहरू पोखरा रोयलमा

बंगलादेशको बचत तथा ऋण केन्द्रिय सहकारी संघको नेतृत्वमा नेपालको सफल सहकारीहरुको अध्ययन अवलोकन गर्न आएका टोलीले पोखरा रोयल बचत तथा ऋण सहकारीमा भ्रमण गरि सहकारीले गरेका असल अभ्यासहरु र नेपाल र बंगलादेशको सहकारी अभियानको बारेमा अनुभव आदानप्रदान गरेका छन्। पोखरा रोयल सहकारीको उपाध्यक्ष क्या.चन्द्रप्रसाद गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले स्वागत गर्नुहुँदै दुई देशको सफल सहकारीहरुको भेटले सहकारी पर्यटनमा थप योगदान गरेको र एक अर्काको असल कार्य र अनुभवले दुवै देशका सहकारीकर्मीहरु लाभान्वित भएको बताउनुभयो । द कोअपरेटिभ क्रेडिट युनियन लिग अफ बंगलादेश (सिसियूएलबि) का कोषाध्यक्ष नोरेश चन्द्र विश्वासको नेतृत्वमा २९औं श्रृंखलाको रुपमा नेपाल आएका भ्रमण टोलीमा केन्द्रिय संघका सञ्चालकहरु, बंगलादेशका सहकारी विभागका एडिसनल रजिष्ट्रार, उप-रजिष्ट्रार विभिन्न सहकारीका सञ्चालक तथा व्यवस्थापक गरि २० जनाको सहभागिता रहेको थियो । नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कून) र द कोअपरेटिभ क्रेडिट युनियन लिग अफ बंगलादेश (सिसियूएलबि) बीच विगत १५ वर्षदेखि निरन्तर सद्भावना भ्रमण हुँदै आईरहेको छ । कार्यक्रममा नेफ्स्कूनका सञ्चालक कमला देवी गिरी तथा संघका वरिष्ठ अधिकृतहरु, पोखरा रोयल सहकारीका संचालक तथा लेखा समिति, विभिन्न उपसिमितिका संयोजक तथा वरिष्ठ कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।



## क्रेडिट युनियन दिवसमा सहकारी हाजिरी जवाफ

पोखरा रोयल बचत तथा ऋण सहकारीले ७६[औं] अन्तर्राष्ट्रिय बचत तथा ऋण सहकारी दिवसको दिन पारी कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सहकारी तथा समसामयिक विषय समेटेर हाजिरी जवाफ कार्यक्रम सम्पन्न गरेको छ। संस्थामा आवद्ध कर्मचारीहरुलाई विभिन्न ६ वटा समूहमा विभाजन गरेर सम्पन्न भएको हाजिरी जवाफ प्रतियोगितामा अधिकृत अभिषेक गुरुङ्गले नेतृत्व गरेको सिर्जनशिलता समूहले प्रथम स्थान हासिल गर्न सफल भएको थियो । उत्कृष्ट समूहलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले पुरस्कार वितरण गर्नुभएको थियो ।

"सहकारी वित्त मार्फत एक विश्व" भन्ने मूल थिम सहित हरेक अक्टोबर महिनाको १७ तारिख विश्वभरका बचत तथा ऋण सहकारीले मनाउने यो दिवसमा संस्थाले नयाँ सोंचका साथ सहकारी हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको संस्थाका सूचना अधिकारी मीलन ढकालले जानकारी गराउनुभयो ।






## रोयलको सदस्य संख्या १० हजार नाघ्यो
## एकैदिन १६४ जनाले लिए सदस्यता

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्य संख्या १० हजार १२९ जना पुगेको छ। संस्थाले यही आर्थिक वर्षदेखि मिसन १०० अभियान मार्फत हरेक महिना १०० भन्दा कम छैन भन्ने उद्घोषका साथ प्रत्येक महिना कम्तिमा पनि १०० जना नयाँ सदस्य बनाउने लक्ष्य राखेको थियो । लक्ष्य बमोजिम संस्थाले २०८१ पौष महिनामा मात्रै ५८५ जना र पौष महिनाको अन्तिम दिन मात्रै १६४ जना स्थानीयले सहकारीको सदस्यता लिएको संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनुभयो । विगत दुई दशक देखि स्थानीय माझ लोकप्रिय रहेको सहकारीले सदस्य केन्द्रित विविध गतिविधीहरु सञ्चालन गर्दै प्रतिस्पर्धी वित्तिय तथा विविध सेवा प्रदान गर्दै आईरहेको छ ।






## ग्लोबल मनी वीकको कार्यक्रम शुभारम्भ

**सुखी सदस्य, दिगो सहकारीको** परिकल्पना सहित विगत दुई दशकदेखि सहकारी क्षेत्रमा अग्रणी रुपमा क्रियाशिल पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाले ग्लोवल मनी वीक २०२५ को अवसरमा युवा विद्यार्थी लक्षित वित्तीय साक्षरता अभिमूखीकरण कार्यक्रमको शुभारम्भ गरेको छ । सप्ताहको पहिलो दिन पोखरा १७ तल्लो बिरौटा स्थित फिस्टेल एकेडेमीमा अध्ययनरत ६१ जना बालबालिकाहरुलाई वित्तिय साक्षरता विषयमा प्रशिक्षण गराईएको हो । यस अवसरमा संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले



बालबालिकाहरुलाई सानै उमेरबाट पैसाको महत्व, वित्तीय अनुशासन, बचत गर्ने तरिका, पारिवारिक बजेट, मान्छेको आवश्यकता र चाहनाको बारेमा सिकाउनुपर्ने बताउनुभयो । संस्थाका व्यवसाय विकास अधिकृत अभिषेक गुरुङ्गले वित्तीय साक्षरता विषयमा प्रशिक्षण दिनुभएको थियो भने यस अवसरमा विद्यार्थीहरुसंग अन्तरक्रिया समेत गरिएको थियो । कार्यक्रममा फिस्टेल एकाडेमीका सहायक प्राचार्य कमल लामिछानेले सहकारीको यसखाले कार्यक्रम अत्यन्तै समसामयिक र उपलब्धिमूलक रहेको र यसबाट विद्यार्थीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएको बताउनुभयो । यस अवसरमा संस्थाद्वारा विद्यार्थीहरुमा बचतको बानी बसाल्न सेभिङ्ग बक्स समेत उपलब्ध गराईएको थियो ।

## ३ दिने मौरीपालन तालिम सम्पन्न

संस्थाको २३औं स्थापना दिवस तथा विश्व मौरी दिवसको अवसरमा लघुवित्त अन्तर्गत आबद्ध महिला सदस्यहरुलाई लक्षित गरि पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ३ दिने सिपमूलक मौरीपालन तालिम सम्पन्न गरेको छ ।

मौरी विज्ञ प्रशिक्षकद्वय सुर्य प्रसाद/टंक प्रसाद लामिछानेले तालिमको सहजिकरण गर्नुभएको थियो भने तीन दिनसम्म सञ्चालित तालिममा प्रशिक्षक सुर्य प्रसाद लामिछानेले मौरीको सैदान्तिक पक्षमा र टंक प्रसाद लामिछानेले सैद्धान्तिक




रुपमा गरिएको अध्ययनलाई प्राक्टिकलनै गर्न लगाई प्रशिक्षार्थीहरुलाई अभ्यास गराउनुभएको थियो ।

तालिम पोखरा १३ आर्वामा दुई दिनसम्म भएको थियो भने तेस्रो दिन बेगनासमा व्यवसायिक रुपमा मौरीपालन गर्दै आईरहेका व्यावसायीहरु भएको स्थानमा गई फिल्ड भिजिट गरिएको थियो ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले सदस्यलाई व्यावसायिक बनाउन उत्पादनमूलक क्षेत्रतर्फ जोड्दै लैजाने बताउनुभयो ।

संस्थाका उपाध्यक्ष चन्द्र प्रसाद गुरुङ्गको अध्यक्षतामा शुभारम्भ भएको कार्यक्रमको समापन संस्थाको अध्यक्ष रुद्र कुमारी गुरुङ्ग मैनाको अध्यक्षतामा भएको थियो भने कार्यक्रममा सहभागी सम्पूर्णलाई संस्थाको तर्फबाट मौरीपालन गर्दा चाहिने आवश्यक सामग्री मौरी राख्ने झोला र टोपी घुम्टी प्रदान गरिएको थियो । उक्त तालिममा २८ जना सदस्यहरुको सहभागिता रहेको थियो ।

## कौसी खेती तथा गड्यौला मल उत्पादन तालिम

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा सदस्यहरुका लागि एक दिने कौसी खेती तथा गड्यौला मल उत्पादन तालिम संस्थाको प्रधान कार्यालय र दुलेगौडा सेवा केन्द्रका सदस्यहरुको सक्रिय सहभागितामा सम्पन्न भएको छ ।





## व्यवस्थापन प्रमुखसंग अन्तरक्रिया

काभ्रे जिल्लामा सञ्चालित सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरुसंग एक कार्यक्रमका बिच पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सभा हलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । काभ्रे बचत तथा ऋण सहकारी सघं लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गुरु प्रसाद ढकाल एवं सिएमसी काभ्रेका अध्यक्ष मदन बस्नेतको संयोजकत्वमा १९ जना व्यवस्थापन प्रमुखहरु र पोखरा रोयल सहकारीको व्यवस्थापन बिच अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो ।

पोखरा रोयल सहकारीका प्रमुख कार्यकारी अधिकृत एवं नेफ्स्कुन म्यानेजर्स क्लवका संयोजक भीमबहादुर गुरुङ्गको संयोजकत्वमा भएको कार्यक्रममा सिएमसि कास्कीका संस्थापक अध्यक्ष एवं पोखरा रोयल सहकारी संस्थाका मुख्य प्रवन्धक मीलन ढकालले पोखरा रोयल सहकारीको असल अभ्यासको वारेमा जानकारी गर्नु भएको थियो । हामीले २५ वर्ष अगाडी युवा अवस्था देखी नै सहकारीको परिकल्पना गरि सञ्चालन गरिएको र हाल त्यसले सार्थकता पाएको महसुस भएकोछ, हामी जहिले पनि सदस्य पहिला भन्ने भावनाबाट अगाडी बढिरहेका छौ र पोखरा रोयल सहकारीलाई एउटा अध्ययन केन्द्रको रुपमा लिएर स्वदेश तथा विदेश बाट थुप्रै सहकारीकर्मीहरु आउनु हुन्छ जसले गर्दा हामी आफ्नै आगनमा धेरै कुराहरु सिक्न पाईरहेका छौ प्रमुख कार्यकारी अधिकृत गुरुङ्गले आफ्नो अनुभव सुनाउदै भन्नु भयो ।

पोखरा रोयल सहकारीको कुशल व्यवस्थापन र सञ्चालनबारे जानकार रहेको भए पनि प्रत्यक्ष रुपमा देख्दा 'साच्चै सुनेको जस्तो सुशासनमा चलेको सहकारी रहेछ' सिएमसि काभ्रेका अध्यक्ष मदन बस्नेतले भन्नु भयो ।



काभ्रे जिल्ला सहकारीको उर्वर भुमि रहेको हुँदा व्यवस्थापन प्रमुखहरुलाई सुशासनमा सञ्चालन भएका सहकारीको अध्ययन अवलोकनको लागि चयन गरि भ्रमण आयोजना गरिएको काभ्रे बचत संघका प्रमुख कार्यकारी अधिकृत गुरु प्रसाद ढकालले भन्नु भयो । कास्की जिल्लाको समग्र सहकारी अभियानको वारेमा सिएमसि कास्कीका निवर्तमान अध्यक्ष अपिल कोईरालाले जानकारी गर्नु भएको उक्त अन्तरक्रिया कार्यक्रममा पोखरा रोयल सहकारीका सिईओ भीमबहादुर गुरुङ्गले सहजिकरण समेत गरि उक्त कार्यक्रम समापन गर्नु भएको थियो ।

## जापानी विद्यार्थीहरू रोयल सहकारीमा

जापानको फुकुओका शहरमा रहेको छिगुसी जोगाकुवेन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुले पोखरा रोयल सहकारीको अध्ययन भ्रमण गरेका छन् । विश्वविद्यालयका प्राध्यापक ताकानोबु फुजिवाराको नेतृत्वमा आएका विद्यार्थीहरुले संस्थाको प्रधान कार्यालयमा संस्थाका पदाधिकारी र कर्मचारीहरुसंग अन्तरक्रिया समेत गरेका छन् । व्यवस्थापन विषय लिएर स्नातक तहमा अध्ययन गरिरहेका विद्यार्थीहरु अनुसन्धनात्मक प्रोजेक्ट कार्यका लागि नेपालका विभिन्न विद्यालयहरुमा भ्रमण तथा सहयोग आदान प्रदान गर्ने क्रममा सहकारीमा आएका हुन् । सहकारीले गत वर्षदेखि नै उक्त विश्वविद्यालयका विद्यार्थीहरुसंग अनुभव आदान प्रदान गर्दै आईरहेको संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनुभयो ।



संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्को अध्यक्षतामा भएको अन्तरकृया कार्यक्रममा संस्थाका उपाध्यक्ष क्या.चन्द्रप्रसाद गुरुङ्गले स्वागत गर्नुभएको थियो भने प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले विश्वविद्यालय र सहकारी बीच भएको सम्वन्धलाई अझै फलदायी र व्यवस्थित बनाउदै भावी दिनमा थप सहकार्य गर्दै समुदाय केन्द्रित गतिविधी सञ्चालन गर्न प्राध्यापक फुजिवारालाई स्मरण पत्र हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा प्राध्यापक फुजिवाराले सहकारीसंगको सम्वन्धले आफुहरुले नेपालको सहकारी तथा वित्तीय अवस्था बारे जानकारी लिन सजिलो भएको, सहकारीले समुदायमा गरेको गतिविधिबाट आफ्ना विद्यार्थीहरुले धेरै कुरा सिकेको र भविष्यमा सहकारीसंग मिलेर नेपालका अन्य विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । प्राध्यापक फुजिवाराको नेतृत्वमा विगत १० वर्षदेखि कास्की, तनहुँ, धादिङ्ग लगायतका ग्रामीण भेगका जीर्ण अवस्थामा रहेका सरकारी विद्यालयहरुलाई भौतिक तथा आर्थिक सहयोग गर्दै आईरहेको छ ।

## उत्कृष्ट सहकारीहरुबीच अन्तरकृया सम्पन्न

नेपाली सहकारी अभियानका दुई उत्कृष्ट संस्थाहरु कास्कीका पोखरा रोयल साकोस र काठमाडौंमा रहेको चन्द्रागिरी साकोसका प्रतिनिधिहरु बीच एकदिने अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । पोखरा रोयल साकोसको निमन्त्रणामा पोखरा आईपुगेका चन्द्रागिरी साकोसका समिति, उपसमिति र कर्मचारीहरुको प्रतिनिधिहरु र पोखरा रोयल साकोसका प्रतिनिधिहरु बीच दुई वटै संस्थाले हासिल गरेका सफलता, सदस्य सेवामा गरिरहेको असल अभ्यास, संस्थाले भोगिरहेका चुनौति, भावी रणनीति साथै सहकारी अभियानमा पुऱ्याउन



सक्ने योगदानका सन्दर्भमा समेत चर्चा भएको पोखरा रोयल साकोसका सूचना अधिकारी मीलन ढकालले बताउनु भयो । कोभिड महामारीको समयदेखि भगिनी सम्बन्धको रुपमा रहेको दुई संस्थाका अध्यक्षद्वय रुद्रकुमारी गुरुङ्ग र योगेन्द्र कुमार कुँवरले संस्थाको गतिविधीलाई थप गतिशील, समयानूकूल, सदस्यमूखी र सहकारी अभियानमा योगदान दिने उद्धेश्यका साथ १७ बुँदे सम्झौता पत्रमा हस्ताक्षर समेत गरेका छन् । सम्झौता बमोजिम सहकारी क्षेत्रको साख वृद्धि, मानव संसाधनको क्षमता अभिवृद्धि, प्रविधीमैत्री सेवामा पहुँच वृद्धि, एकरुपता, सुशासन, असल अभ्यासहरुको आदानप्रदान र अनुशरण, वस्तु तथा सेवाको विकास र विस्तारमा संयुक्त खोजी गर्ने जस्ता विषयहरुमा दुबै संस्थाले दृढताका साथ लागिपर्ने अध्यक्षद्वयले प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

अन्तरकृया कार्यक्रममा पोखरा रोयल साकोसका प्रमुख कार्यकारी अधिकृत भीमबहादुर गुरुङ्गले Exit Plan in Cooperative र चन्द्रागिरी साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्णकुमार श्रेष्ठले Grooming the Cooperative Leadership विषयमा प्रस्तुतीकरण दिनुभएको थियो । सिईओद्धय गुरुङ्ग र श्रेष्ठ नेफ्स्कूनद्वारा वार्षिक रुपमा प्रदान गर्ने साकोस अभियानको उत्कृष्ट सिईओ पुरस्कार बिजेताहरु हुन् । गुरुङ्ग वर्ष २०२४ र श्रेष्ठ वर्ष २०२३ मा उत्कृष्ट सिईओको अवार्डबाट पुरस्कृत भएका थिए । त्यसैगरि पोखरा रोयल साकोस र चन्द्रागिरी साकोसले संस्थागत रुपमा राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून र राष्ट्रिय सहकारी बैंकबाट सहकारी क्षेत्रका उत्कृष्ट पुरस्कार तथा सम्मान प्राप्त गरिसकेका संस्थाहरु हुन् । हाल दुबै संस्थाहरु नेफ्स्कूनद्वारा सञ्चालित स्तरीकरण कार्यक्रममा आवद्ध रहेका छन् ।

## सहकारी दिवसको पूर्वसन्ध्यामा तालिम

सुखी सदस्य, दिगो सहकारीको परिकल्पना सहित विगत दुई दशकदेखि सहकारी क्षेत्रमा अग्रणी रुपमा क्रियाशिल पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाले ६८औं राष्ट्रिय सहकारी दिवसको अवसर पारी कर्मचारीहरुको लागि सिकाई व्यवस्थापन तालिम सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गले तालिमको उद्घाटन गर्नुहुँदै जुन संस्थामा कर्मचारी प्रशासन क्षमतावान छ, त्यो संस्था दिगो हुने र यस्तो तालिमले कर्मचारीहरुलाई क्षमताबान बनाउन मद्धत गर्ने बताउनुभयो । तालिममा एफ.सि.ए. राजकुमार फुयालले सम्पत्ति शुद्धिकरण र आर्थिक कारोबार गर्दा अपनाउनु पर्ने सजगता र सदस्य पहिचानका विषयमा साथै संस्थाका मुख्य प्रवन्धक मीलन ढकालले वर्तमान सहकारी कानून र कर्मचारीले पालना गर्नुपर्ने विषयमा प्रशिक्षण गराउनु भएको थियो ।



सो अवसरमा संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले कर्मचारीहरुले आफुमा भएको क्षमतालाई चिन्ने र उक्त क्षमता तथा शीपलाई संस्थागत विकासको लागि अधिकतम प्रयोग गर्नुपर्ने बताउनुभयो । संस्थाले कर्मचारीहरुलाई क्षमतावान र उर्जाशिल बनाउनका लागि वार्षिक क्यालेन्डर अनुसार नै तालिमहरु सञ्चालन गरिरहेको छ । संस्थाको प्रधान कार्यालयमा सञ्चालित तालिममा प्रधान कार्यालय सहित तीनवटा सेवाकेन्द्रहरु दुलेगौंडा, भण्डारढिक र मोहरियाका कर्मचारीहरुको उपस्थिती रहेको थियो । तालिम कार्यक्रमको सञ्चालन अधिकृत उमनाथ आचार्यले गर्नुभएको थियो ।

**संस्थाले उपलब्ध गराएका डिजिटल सेवाहरुको भरपुर उपयोग गर्नुहोला ।**

| | |
|---|---|
| १. मोबाइल बैंकिङ्ग | ३. ए.टि.एम. /डेबिट कार्ड |
| २. एस.एम.एस. बैंकिङ्ग | ४. क्यू.आर. बैंकिङ्ग |

## चौथो अन्तर कर्मचारी ब्याडमिन्टन प्रतियोगिता

विश्व मजदुर दिवसको सन्दर्भमा खेल खेलौं, स्वस्थ बनौं भन्ने मूल नाराका साथ पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले कर्मचारीहरु बीच एक दिवसीय पुरुष तथा महिला एकल ब्याडमिन्टन चौथो अन्तर कर्मचारी व्याडमिन्टन प्रतियोगिता सम्पन्न गरेको छ ।

पोखरा हस्पिटलचोक स्थित फिटनेपाल स्पोर्ट्सप्लेक्समा सम्पन्न भएको प्रतियोगितामा पुरुषतर्फ १४ जना र महिला तर्फ १० जना कर्मचारीको सहभागिता रहेको थियो । प्रतियोगितामा पुरुष एकल तर्फ रोहीत थापा प्रथम, रुपेन्द्र गुरुङ्ग द्धितिय र महिला तर्फ सकिला गुरुङ्ग प्रथम, समिता गुरुङ्ग द्धितिय हुन सफल हुनुभएका थिए । विजयी कर्मचारीहरुलाई प्रमुख अतिथी संस्थाका उपाध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्गले प्रमाण पत्र, मेडल र गिफ्ट ह्याम्पर प्रदान गर्नुभएको थियो । पोखरा रोयल वचत तथा ऋण सहकारीले कर्मचारीहरुको मानसिक तथा शारिरिक स्वास्थ्यको लागि समय समयमा विविध खाले खेलकुद तथा मनोरञ्जनका कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ ।




## संसद्रीय छानविन समितिमा : पोखरा रोयलका सफलताका कथा



सहकारी संस्था वचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको २५ औं बैठकमा देशभरि सुशासनका साथ राम्रोसँग संचालनमा रहेका वचत तथा ऋण सहकारी संस्थाका संचालकहरूसँगको छलफल र अन्तरक्रिया कार्यक्रममा पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले संस्थाले गरेका असल अभ्यासहरुका बारेमा प्रस्तुतीकरण र सहकारीमा अबको कार्यदिशाका लागि संघीय संसद प्रतिनिधि सभामा आफ्ना सुझाव पेश गर्नुभएको छ ।

## कविता

✍ **सुभद्रा देवी शर्मा वाग्ले**
सहायक दोस्रो

यो वर्षमा हाम्रो संस्था चौबिस वर्ष भयो
यति वर्ष पार गर्दा के के भयो भयो ।

जसले संस्था जन्माउनु भो उहाँलाई नि सम्मान
पिल्लर वनि अडाउनु भो हार्दिक हार्दिक नमन ।

अठ्ठाईस जना सदस्य र संचालक बनी
होस्टे हैंसे गर्दै आए कर्मचारी पनी ।

ईट्टा माथी ईट्टा थप्दै जाने क्रम बढ्यो
साच्चै रोयल बनाउनु छ सबको मनमा गड्यो ।

कहिले आयो आँधिवेरी कहिले आयो बाढी
एकैनासले हरा भरा कहिल्यै नउजाडी ।

परेन है भुकम्प र कोभिडको छायाँ
संस्था प्रेमी सदस्यलाई धेरै धेरै माया
संस्था प्रेमी सदस्यलाई धेरै धेरै माया ॥

## कर्मचारीहरूलाई एक घण्टा पढ्ने समय

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले संस्थामा आवद्ध कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले पठन संस्कृति कार्यक्रम शुरुवात गरेको छ । श्रीपञ्चमी पर्व तथा सरस्वती पुजाको दिनको अवसर पारी संस्थाका प्रमुख कार्यकारी अधिकृत भीमबहादुर गुरुङ्गले कार्यक्रमको शुभारम्भ गर्नुभएको हो । संस्थामा कार्यरत कर्मचारीहरुको पठन संस्कृतिलाई थप मद्धत पुऱ्याउने अभिप्रायले संस्थाले ४ वटै कार्यालयमा हरेक महिनाको अन्तिम शुक्रबार १ घण्टा अध्ययनको लागि समय व्यवस्थापन गरेको छ । प्रत्येक कर्मचारीले हरेक महिना एउटा पुस्तक अनिवार्य पढ्नै पर्दछ, र आफुले पढेको पुस्तकको समीक्षात्मक प्रतिवेदन समेत संस्थामा पेश गर्नुपर्दछ ।

पछिल्लो समय प्रविधिको विकास संगै पुस्तक तथा पत्रपत्रिका पढ्ने, हातले लेख्ने र रेडियो सुन्ने जस्ता संस्कार हराउदै गएको र कम्प्यूटर, मोवाईल र ल्यापटपमा मात्र भर पर्दा एकातिर आँखामा समस्या आउने गरेको छ भने अर्कोतिर

लिखित दस्तावेज र पुस्तकहरुको अध्ययन गर्ने बानी हट्दै गएकोले यसको जगेर्ना गर्न समेत पठन संस्कृतिको विकास गरिएको प्रमुख कार्यकारी अधिकृत गुरुङ्गले बताउनुभयो ।



संस्थामा ५० जना बढी कर्मचारीहरु कार्यरत रहेका छन् । संस्थाले प्रधान कार्यालयमा पुस्तकालय तथा सहकारी प्रदर्शनी कक्ष र हरेक सेवाकेन्द्रहरुमा मिनि लाईब्रेरीको अवधारणा अगाडि सारेको छ । कार्यक्रम शुभारम्भका दिन चारवटै कार्यालयका कर्मचारीले आफुले मन परेको एक एक वटा पुस्तक लिएर आएका थिए । ती पुस्तकहरु गोला प्रथाको माध्यमबाट एकले अर्को साथीसंग साटफेर गरेर अध्ययन संस्कारको शुरुवात गरिएको थियो । अब हरेक महिनाको एक दिन एक घण्टा सबै कर्मचारीहरुले संस्थाको अध्ययन कक्षमा बसेर आफुले मन पर्ने पुस्तक पढ्छन्, र यसले कर्मचारीहरुमा सकारात्मक उर्जाको विकास हुने संस्थाका मुख्य प्रवन्धक तथा सूचना अधिकारी मीलन ढकालले बताउनुभयो ।

## पोखरा रोयल सहकारीद्धारा मालपोत कार्यालयमा सहयोग हस्तान्तरण

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाले मालपोत कार्यालय कास्कीलाई एक/एक थान टेबल, दराज, कम्प्यूटर र प्रिन्टर हस्तान्तरण गरेको छ ।



२०८२ साल भाद्र २३ र २४ गते जेन जेड समूहको आव्हानमा भएको आन्दोलनका क्रममा पोखराका सयौं सरकारी कार्यालयहरु र त्यहाँ रहेका कार्यालय सामग्री जलेर नष्ट भएका कारण संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत रु. १ लाख २ हजार ५ सय बराबरको समाग्री सहयोग गरिएको संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनुभयो । नागरिकसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालयलाई छिटो सामान्य अवस्थामा सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गद्वारा मालपोत कार्यालय कास्कीका का.मु. मालपोत अधिकृत शोभाखर पोखेललाई उक्त सामाग्री हस्तान्तरण गरिएको हो ।
हाल पोखराका सरकारी कार्यालयहरुमा संस्थाले यस भन्दा अगाडि कोभिड महामारी र महाभुकम्पको समयमा समेत सामुदायिक हितका क्षेत्रमा सहयोग गर्दै आईरहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले बताउनुभयो ।

## रोयलका ज्येष्ठ सदस्यलाई ५ हजार पेन्सन

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाका ७५ वर्ष उमेर पुरा हुनुभएका ज्येष्ठ सदस्यहरुलाई जनही रु.५ हजारका दरले पेन्सन प्रदान गरेको छ । संस्थाद्धारा प्रवर्द्धित सामाजिक संस्था रोयल फाउण्डेसनको सहयोगमा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दै ४४ जना सदस्यहरुलाई एक कार्यक्रमका बीच उक्त सम्मान तथा पेन्सन प्रदान गरिएको हो । फाउण्डेसनका अध्यक्ष केशवप्रसाद ढकालको अध्यक्षतामा भएको ज्येष्ठ सदस्य सम्मान तथा पेन्सन वितरण समारोहमा सहकारीका अध्यक्ष रुद्रकुमारी गुरुङ्गले १०२ वर्षे सदस्य सारजङ्ग गुरुङ्गलाई पेन्सन हस्तान्तरण



गर्दै समाजका ज्येष्ठ नागरिकहरुको सेवा गर्न पाएकोमा अत्यन्तै हर्षित भएको बताउनुभयो । उक्त समारोहमा ज्येष्ठ सदस्यहरुको तर्फबाट वरिष्ठ समाजसेवी विश्वरत्न शाक्य र क्या.पूर्णबहादुर गुरुङ्गले पोखरा रोयल सहकारीको हरेक

कार्यक्रम उत्कृष्ट रहेको प्रतिक्रिया दिदै संस्थाले वित्तीय सेवा र सुरक्षा संगै सामाजिक क्षेत्रमा समेत उदाहरणीय कार्य गरेकोमा हार्दिक बधाई ज्ञापन गर्नुभयो । यसै बीच सहकारी र फाउण्डेसनको सहकार्यमा ज्येष्ठ सदस्यहरुलाई पोखरा आसपासका धार्मिक तथा पर्यटकीय स्थलको अध्ययन अवलोकन भ्रमण समेत गराईएको थियो ।

फाउण्डेसनका कोषाध्यक्ष एवं पोखरा रोयल बचत तथा ऋण सहकारीका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले स्वागत गरेको कार्यक्रममा फाउण्डेसनका सचिव केदारनाथ पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । रोयल फाउण्डेसनका सहकार्यमा सहकारीले पेन्सन वितरण, नवजात शिशु स्याहार राहत, औषधी उपचार राहत, दैवी प्रकोप राहत र मृत्यु राहत जस्ता राहत र सेवा प्रदान गर्दै आईरहेको सहकारीका सूचना अधिकारी मीलन ढकालले बताउनुभयो ।

## पोखरा रोयल सहकारीद्धारा सहयोग हस्तान्तरण

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाले जिल्ला प्रहरी कार्यालय कास्कीलाई टिभिएस कम्पनीको १२५ सि.सी.क्षमताको एक थान मोटर बाईक र पोखरा महानगरपालिका वडा नं.१० कार्यालयलाई एक/एक थान कम्प्यूटर र प्रिन्टर हस्तान्तरण गरेको छ। २०८२ भाद्र २३ र २४ गते जेन जेड समूहको आव्हानमा भएको आन्दोलनका क्रममा पोखराका सयौं सरकारी कार्यालयहरु र त्यहाँ रहेका कार्यालय सामग्री जलेर नष्ट भएका कारण संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रु.३ लाख ४४ हजार रकम बराबरको समाग्री सहयोग गरिएको संस्थाका सूचना अधिकारी मीलन ढकालले बताउनुभयो। नागरिकसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालयलाई छिटो सामान्य अवस्थामा सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले संस्थाका अध्यक्ष रुद्रकुमारी गुरुङ्गले जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एस.पी.श्यामबाबु ओलियालाई एक थान मोटर बाइक



र पोखरा महानगरपालिका वडा नं.१० का वडाध्यक्ष राजेश गुरुङ्गलाई एक/एक थान कम्प्यूटर र प्रिन्टर हस्तान्तरण गरिएको हो । संस्थाले यस भन्दा अगाडि कोभिड महामारी र महाभुकम्पको समयमा समेत सामुदायिक हितका क्षेत्रमा सहयोग गर्दै आईरहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गले बताउनुभयो ।



### के, तपाई तालिममा सहभागी हुन चाहानुहुन्छ ?

यदि चाहानुहुन्छ भने..............................

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले निरन्तर रुपमा आफ्ना सदस्यहरुलाई सदस्य शिक्षा तालिम, वित्तिय साक्षरता र डिजिटल साक्षरता तथा सिपमुलक तालिमहरु प्रदान गर्दै आईरहेको छ । यस भन्दा अगाडि तालिम कार्यक्रममा सहभागि नहुनुभएका सदस्यहरु तथा नयाँ सदस्यहरुले यदि संस्थाबाट दिईने तालिममा सहभागि हुन चाहानुहुन्छ भने सदस्यहरुले आफुलाई पायक पर्ने कार्यालयमानाम टिपाईदिनुहुन वा तल दिईएको क्यूआर स्क्यान मार्फत फर्म भरि आ-आफ्नो विवरणहरु टिपाई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

| तालिम सञ्चालन हुने स्थानहरु | सम्पर्क व्यक्ति | सम्पर्क नं |
|---|---|---|
| प्रधान कार्यालय, बुद्धचोक पोखरा | नवराज दाहाल | ०६१-५८७८३३ |
| भण्डारढिक सेवाकेन्द्र, कास्की | समिता गुरुङ | ०६१-५६४७७५ |
| मोहरिया सेवाकेन्द्र, कास्की | सन्तोष पौडेल | ०६१-५६३९०३ |
| दुलेगौंडा सेवाकेन्द्र, तनहुँ | सरस्वती भुजेल | ०६५-४१४४९० |



क्यूआर स्क्यान



# सदस्यहरुले आकस्मिक बचत खाता संचालन गर्न किन आवश्यक छ ?

**आकस्मिक बचत खाता भनेको के हो ?**
**उत्तरः** आकस्मिक बचत खाता भनेको जीवनमा अचानक आइपर्ने आर्थिक समस्याहरू–जस्तै बिरामी, रोजगारी वा व्यवसायमा समस्या, दुर्घटना, प्राकृतिक प्रकोप वा अन्य आपतकालीन खर्च–समाधान गर्नका लागि छुट्टै रूपमा गरिने बचत हो ।

**आकस्मिक बचत खाता खोल्नु किन आवश्यक छ ?**
**उत्तरः** जीवन सधैं योजना अनुसार चल्दैन । आकस्मिक अवस्थामा तुरुन्तै पैसाको आवश्यकता पर्छ । यदि पूर्वतयारी स्वरूप बचत गरिएको छैन भने:

- सापटी वा ऋण लिनुपर्ने अवस्था आउन सक्छ
- नियमित बचत वा दीर्घकालीन योजनामा असर पर्न सक्छ
- आर्थिक र मानसिक तनाव बढ्न सक्छ

आकस्मिक बचत खाताले यस्ता समस्याबाट जोगाउँछ ।

**किन ३ देखि ६ महिनाको खर्च बराबरको आकस्मिक कोष हुनुपर्छ ?**
**उत्तरः** ३ देखि ६ महिनाको मासिक खर्च बराबरको रकम भएमा:

- आपतकालीन अवस्थामा परिवारको आधारभूत आवश्यकता पूरा गर्न सकिन्छ वा ६ महिना सम्म घरखर्च सहजै टर्छ
- तत्काल आम्दानी बन्द भए पनि अन्य आम्दानीको श्रोत बनाउनको लागि पर्याप्त समय मिल्छ
- अनावश्यक सापटी वा ऋण लिनु पर्दैन

यसलाई न्यूनतम आर्थिक सुरक्षा कवचका रूपमा लिइन्छ।

**के सबै सदस्यका लागि यो खाता संचालन गरी आकस्मिक कोष खडा गर्न सम्भव छ ?**
**उत्तरः** अवश्य छ । आकस्मिक कोष एकैचोटि ठूलो रकम जम्मा गरेर होइन, सानो तर नियमित बचतबाट बिस्तारै निर्माण गरिने हो । सदस्यले आफ्नो आम्दानी र खर्च अनुसार नियमित रूपमा थोरै रकम छुट्याए पनि दीर्घकालमा राम्रो कोष तयार हुन्छ ।

**आकस्मिक बचत खाताबाट पैसा कहिले प्रयोग गर्नुपर्छ ?**
**उत्तरः** यो खाता केवल अत्यावश्यक र अनपेक्षित अवस्थामा मात्र प्रयोग गर्नुपर्छ, जस्तैः

- गम्भीर स्वास्थ्य समस्या
- आकस्मिक पारिवारिक संकट
- प्राकृतिक विपद्
- रोजगारी वा आम्दानी अचानक बन्द हुँदा

सामान्य खर्चका लागि प्रयोग गर्नु यसको उद्देश्य विपरीत हुन्छ ।

**आकस्मिक कोष वा बचतमा अनुशासन किन अधिक महत्वपूर्ण छ ?**
**उत्तरः** आकस्मिक बचत खाताको सफलताको आधार नै अनुशासन र निरन्तरता हो । हरेक महिना निश्चित रकम बचत गर्ने, अन्य खर्चभन्दा पहिले आकस्मिक बचतलाई प्राथमिकता दिने, बिना गम्भीर कारण रकम ननिकाल्ने जस्ता अभ्यासले सदस्यमा आर्थिक अनुशासन र जिम्मेवारी विकास गराउँछ ।

**संस्थाले यो अवधारणा किन ल्याएको हो ?**
**उत्तरः** संस्थाको उद्देश्य केवल बचत संकलन गर्नु मात्र नभई सदस्यलाई आर्थिक रूपमा सुरक्षित बनाउने, ऋणमा अनावश्यक निर्भरता घटाउने, दीर्घकालीन वित्तीय आत्मनिर्भरता विकास गर्ने भन्ने लक्ष्यका साथ आकस्मिक बचत खाताको अवधारणा ल्याइएको हो । संस्थाको परिकल्पना "सुखी सदस्य, दिगो सहकारी" को लागि कैयौं कार्यमध्ये यो एउटा कदम हो ।

**सदस्यले अब के गर्नुपर्छ ?**
**उत्तरः** हरेक सदस्यले :

- आकस्मिक बचत खाता खोल्ने
- आफ्नो मासिक खर्चको मूल्याङ्कन गर्ने
- ३-६ महिनाको खर्च बराबरको लक्ष्य राखी नियमित बचत गर्ने

आज सुरु गरिएको सानो बचत, भोलि ठूलो संकटमा कवच बन्न सक्छ ।

**सदस्यहरूलाई आकस्मिक बचत खाता सञ्चालन गर्न आग्रह गर्दछौं**

## रोयल फाउण्डेसन एक परिचय

**रोयल फाउण्डेसन के हो ?**

रोयल फाउण्डेसन एउटा सामाजिक संस्था हो । यो संस्था मिति २०७६ साल श्रावण ०७ गते जिल्ला प्रशासन कार्यालय कास्कीमा संस्था दर्ता ऐन २०३४ अन्तर्गत विधिवत रुपमा दर्ता भएको हो । यसको कार्यक्षेत्र कास्की जिल्लाभर रहेको छ भने यसको सम्पर्क कार्यालय रोयल सहकारी भवन बुद्धचोक पोखरामा रहेको छ ।

**फाउण्डेसनको दर्ता कसरी भयो ?**

रोयल फाउण्डेसन, पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि.बाट प्रवद्धित एउटा सामाजिक संस्था हो । फाउण्डेसनको दर्ता हुनु भन्दा आगडि देखि नै सहकारीले संस्थाका सदस्यहरुलाई लक्षित गरि विविध सामाजिक कृयाकलापहरु मार्फत सदस्य हित र मानव कल्याणका कार्यहरु गर्दै आईरहेको थियो । त्यसै कामलाई दिगो रुपमा सञ्चालन गर्न र सबै सदस्यहरुलाई सहभागी गराउदै समाजसेवाको नमूना उदाहरण प्रस्तुत गर्ने परिकल्पना साथ मिति २०७६ जेठ २९ गते बसेको साधारण भेलाले फाउण्डेसन दर्ता गर्ने निर्णय भए बमोजिम सहकारीका सदस्यहरु मात्र आवद्ध हुनेगरि रोयल फाउण्डेसन दर्ता भएको हो ।

**फाउण्डेसनको प्रमुख उद्देश्य तथा कामहरु के के छन् ?**

- यो मुनाफारहित जनहितकारी सामाजिक संस्था हुनेछ ।
- सदस्यहरुको लागि सामाजिक क्रियाकलापहरु सञ्चालन गर्ने ।
- ७० वर्ष उमेर पुरा भएका सदस्यहरुलाई सम्मान गर्ने ।
- सदस्यको बच्चा जन्मदा शिशु स्याहार वापत राहत उपलब्ध गराउने ।
- सदस्यहरु कुनै रोगले ग्रस्त भएको बेलामा उपचार सहयोग गर्ने ।
- ७५ वर्ष उमेर पुगेका सदस्यलाई योगदानमा आधारित पेन्सन सुविधा प्रदान गर्ने ।
- प्राकृतिक प्रकोपहरुले क्षतिग्रस्त हुँदा आवश्यक राहत उपलब्ध गराउने ।
- सदस्यको मृत्यु हुँदा क्रिया खर्च उपलब्ध गराउने ।
- सदस्यहरुलाई व्यवसायिक बनाउन तालिम, गोष्ठी र सेमिनारहरु सञ्चालन गर्ने ।
- संस्थालाई आवश्यक पर्ने कार्यालय, सम्पत्ति तथा कर्मचारी व्यवस्थापन गर्ने ।

**फाउण्डेसनको सदस्यता कसरी प्राप्त गर्न सकिन्छ त ?**

रोयल फाउण्डेसनको सदस्यता संधै खुल्ला रहनेछ । फाउण्डेसनले संस्थापक सदस्य, साधारण सदस्य, संरक्षक सदस्य र मानार्थ सदस्य रहने व्यवस्था गरेको छ । पोखरा रोयल बचत तथा ऋण सहकारीको सदस्यता लिएका नेपाली नागरिकहरुले साधारण सदस्यताका लागि एकमुष्ठ रु.१ हजार रुपैयाँ र मानार्थ सदस्यताका लागि एकमुष्ठ रु.१ लाख बुझाए पश्चात फाउण्डेसनको कार्यसमितिले सदस्यता प्रदान गर्ने व्यवस्था गरेको छ भने एकपटक सहयोग, पटक पटक प्रयोग भन्ने मूल आशयका साथ योगदानमा आधारित पेन्सन लगायत थप सुविधा प्राप्त गर्नका लागि एकपटकको लागि रु.५ हजार सहयोग प्रदान गर्नुपर्दछ ।

**फाउण्डेसनबाट सदस्यलाई के सुविधा कसरी पाउने व्यवस्था छ ?**

फाउण्डेसनको सदस्यता लिएका व्यक्तिहरुले २ जना सन्तान जन्मिदा सम्म नवजात शिशु स्याहारका लागि प्रति सन्तान रु.३ हजारका दरले पोषण भत्ता प्राप्त गर्नेछ । त्यसै गरि आँफै बिरामी भई अस्पताल भर्ना भएको बेलामा एकपटकको लागि रु.५ हजार उपचार खर्च, दैवि प्रकोपको क्षतिमा रु. ५ हजार, सदस्यको उमेर ७५ वर्ष पुगेपश्चात वार्षिक रुपमा रु.५ हजारका दरले पेन्सन सुविधा र सदस्य स्वयंको मृत्यु हुँदा रु.१० हजार निजका परिवारलाई क्रिया खर्च प्रदान गरिनेछ । उपरोक्त सुविधाहरु प्राप्त गर्नका लागि फाउण्डेसनको सदस्य वा निजका परिवारले संस्थामा निवेदन पेश गर्नुपर्दछ । तर पेन्सन सुविधा प्राप्त गर्नका लागि भने सदस्यता लिएको कम्तिमा पनि २ वर्ष पुगेको हुनुपर्नेछ ।

**फाउण्डेसनले गर्ने अन्य सामाजिक सेवाहरु के के हुन सक्छन् ?**

रोयल फाउण्डेसनले उपरोक्त बमोजिम तोकिएको कामहरु बाहेक नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहहरु, स्वदेशी तथा विदेशी सहयोगी सामाजिक संघ संस्थाहरु र पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थासंग सहकार्य गर्दै समाजसेवाका थप नविन कार्यहरु सम्पादन गर्न सक्नेछ । खासगरि ज्येष्ठ नागरिक, महिला, युवा, दलित तथा उत्पीडित क्षेत्र र विविध कारणले पछाडि पारिएका नागरिकहरुको गाँस, बास, कपास साथै शिक्षा र स्वास्थ्यको क्षेत्रमा हातेमालो गर्नेछ । समग्रतामा विशुद्ध रुपमा सामाजिक संस्थाको भावना र मूल्य मान्यता बमोजिम सेवा तथा कार्यहरु सम्पादन गर्नेछ ।

## पोखरा रोयल सहकारीको २४औं साधारण सभा सम्पन्नः अध्यक्षमा पुनः रूद्रकुमारी गुरूङ्ग



पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २४औं वार्षिक साधारण सभा नयाँ समिति चयन गर्दै सम्पन्न भएको छ। २०८२ असोज ३ गतेदेखि ६ गतेसम्म एकाईगत रुपमा सञ्चालन भएको २४औं वार्षिक साधारण सभाबाट आगामी ४ वर्षे कार्यकालको लागि रुद्रकुमारी गुरुङ्गको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति सर्वसम्मत रुपमा निर्वाचित भएको छ। समितिको उपाध्यक्षमा क्या.चन्द्रप्रसाद गुरुङ्ग, सचिवमा केशवप्रसाद ढकाल, कोषाध्यक्षमा सूर्यमोहन ढकाल र सञ्चालकहरुमा एकबहादुर गुरुङ्ग, खिमकुमारी गुरुङ्ग, जंगबहादुर गुरुङ्ग, हिरालाल श्रेष्ठ र पूर्णिमा अधिकारी चयन भएका छन्। त्यसैगरि लेखा सुपरिवेक्षण समितिको संयोजकमा नारायण सुवेदी र सदस्यहरुमा अपिला ढकाल र दुर्लब थापा चयन भएका छन्।

३ वटा एकाईहरुमा सम्पन्न वार्षिक साधारण सभाले अध्यक्ष रुद्रकुमारी गुरुङ्गद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखा समितिका संयोजक हर्कबहादुर गुरुङ्गद्वारा प्रस्तुत लेखा समितिको प्रतिवेदन, प्रमुख कार्यकारी अधिकृत भीम बहादुर गुरुङ्गद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र बजेट र लेखा परिक्षक चार्टड एकाउन्टेन्ट सागर आचार्यद्वारा प्रस्तुत लेखा परिक्षण प्रतिवेदन समेत पारित गरेको छ। १०२२५ जना सदस्य रहेको सहकारीको २ अर्ब ६५ करोडको वासलात, २२ करोड जगेडाकोष, १५ करोड शेयर पूँजी, २ अर्ब बढी बचत निक्षेप र १ अर्ब ५३ करोड ऋण लगानी रहेको छ। संस्थाले वर्तमान तरल वित्तीय बजारलाई मध्यनजर गर्दै संस्थागत सुशासनलाई पहिलो प्राथमिकतामा राख्दै वर्षैभरि सदस्य केन्द्रित १०० गतिविधी सञ्चालन गर्ने नीति साधारण सभाले पारित गरेको छ। वार्षिक साधारण सभाले उत्कृष्ट वर्ष सदस्य, उत्कृष्ट कर्मचारी र २५ वर्ष सेवाअवधि पुरा गरेका कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार समेत वितरण गरेको थियो।



प्रतिस्पर्धी व्याजदरमा ऋण सेवा प्रदान गरिरहेको संस्थाको साधारण सभाले प्रविधि सेवालाई सबै सदस्यको पहुँचमा पुर्‍याउने, संस्थागत कोष वृद्धि गर्दै जगेडाकोषमुखी संस्था निर्माण गर्ने, सदस्यलाई ऋणी हैन उद्यमी बनाउने, नियमित बचतलाई वृद्धि गर्ने, पोखरा रोयललाई समुदायको पहिलो रोजाईको संस्था बनाउने र संस्थालाई नाफामुखी भन्दा सेवामुखी व्यवसायको रुपमा स्थापित गर्ने जस्ता कार्यक्रमहरु पारित गरेको सूचना अधिकारी मीलन ढकालले बताउनु भयो।

**तथ्याङ्कमा रोयल - विगतदेखि वर्तमानसम्म**

| आ. ब. | सदस्य संख्या | बचत निक्षेप | ऋण लगानी | जगेडा कोष | कुल सम्पत्ति |
|---|---|---|---|---|---|
| ०५८/५९ | ११२ | १०,२१३,९२० | ९,७७४,८६३ | - | १३,५८३,०२४ |
| ०६३/६४ | ४३२ | १४१,१०७,५०९ | १४८,५३३,७९५ | २,९४८,६५४ | १७६,९६३,९७९ |
| ०६९/७० | २३८५ | ४६२,६५०,२८५ | ४६४,३५१,२०९ | १८,७०६,९२१ | ६०७,०४७,५७२ |
| ०७६/७७ | ७,५०१ | १,३२०,५५६,३८५ | १,४५५,८५५,४०७ | ११८,४७४,०८७ | १,८३१,९०२,८६८ |
| ०८१/८२ | १०,२२५ | २,०५९,५६८,३१७ | १,५३८,१६३,९११ | २२५,०४०,६५३ | २,५४९,७३५,५१५ |


## सहकारी शिक्षाका झलकहरू








## वित्तिय साक्षरता सम्बन्धी महत्वपूर्ण जानकारी







**सेवाकेन्द्रहरुको आर्थिक बर्ष २०८२/०८३ को प्रथम चौमासिकको मुख्य सुचकहरु**

| विवरण | दुलेगौंडा सेवाकेन्द्र | भण्डारढिक सेवाकेन्द्र | मोहरिया सेवाकेन्द्र |
|---|---|---|---|
| कुल सम्पत्ती | २९७,२६०,४४२.४१ | २१९,०७८,६८७.०० | ६५,७७४,५३९.३७ |
| जम्मा सदस्य संख्या | २,२६०.०० | १,९६०.०० | १,००१.०० |
| शेयर रकम | २२,२१९,०००.०० | १८,१७९,०००.०० | १२,१४६,०००.०० |
| कुल वचत रकम | १४०,४७८,२७४.६३ | १९४,७९४,५६८.०० | ५३,५१७,१४७.६१ |
| जम्मा ऋणी सदस्य संख्या | २१५.०० | १४६.०० | ७.०० |
| लगानीमा रहिरहेको ऋण रकम | २८२,६१६,८०४.९३ | १५७,०७२,४४४.०० | ३४२,७२५.२१ |




## सदस्यको काम :

- आफुले कबुल गरेको मासिक बचत वा ऋणको किस्ता नियमित रुपमा भुक्तान गर्ने र आफ्नो आर्थिक कारोवार संस्थाबाट नै चलाउने ।
- संस्थाले बोलाएको बैठक तथा सभाहरुमा सक्रियताका साथ उपस्थित भई सकारात्मक सुझाव दिने ।
- सदस्य एवं समुदायको हित र बिकासका कार्यमा संचालकलाई सहयोग पुऱ्याउने ।
- विभिन्न उपसमितिहरुमा रहि सञ्चालक समितिलाई सहयोग गर्ने ।
- संस्थाको प्रचार प्रसार गर्ने एवं संस्थागत बिकासमा सकारात्मक योगदान पुऱ्याउने ।
- एक सदस्य एक नयाँ सदस्यको अभियानमा सहयोग पुऱ्याउने ।
- संस्थाले सञ्चालन गरेको नयाँ प्रविधी एवं उत्पादनहरु प्रयोग गर्ने ।
- संस्थाले आव्हान गरेको समयमा शेयर रकम वृद्धिमा सहभागी हुने ।

## सदस्यको कर्तव्य तथा दायित्व :

- जुन व्यवसाय वा परियोजनाको लागि ऋण लिएको हो, सोहि व्यवसायमा लगाउनु सदस्यको कर्तव्य हुनेछ ।
- नियमित रुपमा संस्थामा आई सुचना लिनु सदस्यको कर्तव्य हुनेछ ।
- समितिले मनोनयन गरेका सल्लाहकार, उपसमिति तथा विभिन्न कार्यदलमा रहि कार्य गर्नु सदस्यको कर्तव्य हुनेछ ।
- एक पालिका भित्रको एक विषयको एक मात्र सहकारीको सदस्य बन्ने सदस्यको कर्तव्य हुनेछ ।
- सदस्य पहिचान फारम (KYM) तोकिएको समयमा अध्यावधिक गराउनु सदस्यको कर्तव्य हुनेछ ।
- विना सुचना ३ वर्ष सम्म वार्षिक साधारण सभामा उपस्थित नहुँदा एंव ३ वर्ष सम्म नियमित रुपमा मासिक बचत नगरेमा सदस्य बाट निस्कान हुने कुरा जानकारी लिनु सदस्यको कर्तव्य हुनेछ ।
- सहकारी सिद्धान्त, मूल्यमान्यता, सहकारी ऐन नियमावली र संस्थाको विनियम, नीति तथा कार्यविधी पालना गर्नु सदस्यको कर्तव्य हुनेछ ।
- वार्षिक साधारण सभामा सहकारी सम्बन्धी तालिमको लागि नाम टिपाउनु सदस्यको दायित्व हुनेछ ।
- समितिले दिएको जिम्मेवारी तोकिएको समयमा पुरा गर्नु सदस्यको दायित्व हुनेछ ।
- लामो समय सम्म संस्थाको कार्यक्षेत्र भन्दा अन्यत्रै जानुपरेको अवस्था र कुनै कारणले आफ्नो ठेगाना वा सम्पर्क नम्बर परिवर्तन भएको अवस्थामा संस्थामा सूचना गराउनु सदस्यको दायित्व हुनेछ ।
- वार्षिक साधारण सभा एवं निमन्त्रणा गरिएको बैठकहरुमा उपस्थित हुन नसकेको अवस्थामा संस्थामा जानकारी गराउनु सदस्यको दायित्व एवं कर्तव्य हुनेछ ।
- संस्थाको सामाजिक सञ्जालमा जोडिनु र संस्थाद्वारा प्रेसित गतिविधिहरुको बारेमा सकारात्मक टिप्पणी गर्नु सदस्यको दायित्व हुनेछ ।

## सदस्यको अधिकार :

- आफ्नो शेयर खाता, बचत खाता तथा ऋण खाताको हिसाब बिवरण हेर्न पाउने सदस्यको अधिकार हुनेछ ।
- संस्थाको वार्षिक साधारण सभा तथा विभिन्न बैठकहरुको सूचना तथा निर्णयहरु थाहा पाउनु सदस्यको अधिकार हुनेछ ।
- संस्थाले निर्णय गरि सार्वजनिक गरेको बचत तथा ऋणको ब्याजदर तथा वार्षिक साधारण सभाले निर्णय गरेको लाभाशं र संरक्षित पूँजीफिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हुनेछ ।
- एक व्यक्ति एक मतका आधारमा विभिन्न सभा तथा बैठकहरुमा मताधिकार गर्ने सदस्यको अधिकार हुनेछ ।
- सञ्चालक समितिले सदस्यलाई कुनै कारणले निष्काशन वा कार्वाही गरेको अवस्थामा सो उपर आवश्यक छानविनको लागि निवेदन गर्न पाउनु सदस्य स्वयंको अधिकार हुनेछ ।

# मासिक नियमित बचत
## (Monthly Regular Saving)

- ❖ संस्थाको शेयर सदस्य बनिसकेपछि यो खाता अनिवार्य सञ्चालन गर्नुपर्ने।
- ❖ सदस्यले मासिक १ सय देखी १० हजार सम्म अनिवार्य बचत गर्न सक्नेछ।
- ❖ ३ वर्षसम्म नियमित नगरेमा नियम अनुसार सदस्यता खारेज हुन सक्नेछ।
- ❖ खाता सञ्चालन गरेको ५ वर्षमा ५०% र १० वर्षमा ९०% भुक्तानी पाईने।
- ❖ रकम आवश्यक भएमा जम्मा भएको ९०% सम्म निक्षेप ऋण पाईने।
- ❖ संस्थाले शेयर थपको आव्हान गरेमा ९०% सम्म शेयरमा रकमान्तर गर्न पाईने।
- ❖ अन्य खाताको भन्दा उच्च व्याजदर पाईने र त्रैमासिक रुपमा व्याज गणना हुने।

# छुनुमुनु बचत
## (Chhunumunu Saving)

- ❖ अभिभावक संस्थाको सदस्य भएमा मात्र खाता सञ्चालन गर्न सकिने।
- ❖ न्युनतम रकम १ सय देखि जम्मा गर्न सकिने।
- ❖ १६ वर्ष पुरा भए पश्चात सदस्य बन्न पाईने।
- ❖ १६ बर्ष उमेर पुरा भए पछि रकम भुक्तानी पाईने।
- ❖ बालबालिकाको शिक्षा र स्वास्थ्यको लागि भुक्तानी लिन सक्ने।
- ❖ दैनिक मौज्दातमा उच्चतम व्याज प्रदान गरिने।

के तपाईले सदस्यता पहिचान फारम (KYM) अध्यावधिक गर्नुभयो ? यदि गर्नुभएको छैन भने संस्थामा आई सदस्यता पहिचान फारम (KYM) अध्यावधिक गर्नुहोला ।

## २०८२ मसिर मसान्तको वित्तीय विवरण

| सुचक | रकम/संख्या |
|---|---|
| शेयर पूँजी | रु.१५,६१,२६,०००.०० |
| जगेडा कोष | रु.२२,५०,४०,६५३.२० |
| कूल बचत | रु.२,०२,६१,२५,६०८.१२ |
| कूल संस्थागत पूँजी | रु.२२,५२,२७,०४९.६७ |
| विभिन्न कोषहरुको जम्मा रकम | रु.१५,५४,७८,०३०.५९ |
| लगानीमा रहिरहेको ऋण | रु.१,५१,०५,२६,४५४.५२ |
| तरलता रकम | रु.९२,४७,५८,५८०.६९ |
| तरलता प्रतिशत | ४५.६४% |
| कूल ऋणी सदस्य संख्या | १,०४६ |
| कूल शेयर सदस्य संख्या | १०,४६३ |
| कूल सम्पत्ति | रु.२,६१,५९,११,०८४.५३ |

मीलन ढकाल
सुचना अधिकारी

ROYAL

*प्रकाशन मिति : २०८२ पुष ३ गते*

"सुखी सदस्य, दिगो सहकारी"

## ऋण सेवा उपभोग गरिरहनुभएका सदस्यहरूका लागि जानकारीमूलक सूचना ।

**ऋणको किस्ता समयमै तिर्दा हुने सात फाईदाहरू -**

१. असल सदस्यको रूपमा पहिचान पाईन्छ ।
२. संरक्षित पूँजी फिर्ताकोषको हकदार भईन्छ ।
३. अन्य सदस्यको बचत संरक्षण हुन्छ ।
४. संस्थाको लक्ष्य बमोजिम आम्दानी हुदै जान्छ ।
५. वित्तीय अनुशासनको विकास हुन्छ ।
६. जरिवाना वा अतिरिक्त शुल्क लाग्दैन ।
७. संस्थासंगको सम्बन्ध राम्रो हुन्छ, संस्था दिगो हुन्छ ।

**ऋणको किस्ता समयमै नतिर्दा हुने सात बेफाईदाहरू -**

१. क्रेडिट रेकर्ड खराब हुन्छ, कालोसूचीमा परिन्छ ।
२. मानसिक तनाव भई अस्वस्थ हुन सकिन्छ ।
३. सुरक्षणमा राखेको धितो लिलामी हुनसक्छ ।
४. सामाजिक प्रतिष्ठामा आघात पुग्छ ।
५. वित्तीय सन्तुलन खल्बलिन्छ, आर्थिक बोझ बढ्छ ।
६. सदस्यता निलम्बन वा कारवाहीमा पर्न सक्छ ।
७. संस्था नै घाटामा गई बन्द हुन सक्छ ।

त्यसैले, ऋणको किस्ता समयमै तिरौं। वित्तीय अनुशासनको ख्याल राखौं ।।
यदि तपाई असहज अवस्थामा हुनुहुन्छ भने,
समयमै सम्पर्क गरि समाधानको उपाय खोजौं ।
धन्यवाद ।।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited

## महिना उत्कृष्ट सदस्य आ.व. २०८१/०८२

| महिना | प्रधान कार्यलय | दुलेगौंडा सेवाकेन्द्र | भण्डारढिक सेवाकेन्द्र | मोहरिया सेवाकेन्द्र |
|---|---|---|---|---|
| श्रावण | राजेन्द्र मान उदास | फत्त बहादुर राना | खिमा देवी गुरुङ्ग | नशिब पौडेल |
| भाद्र | कमला देवी गुरुङ्ग | तारा देवी गुरुङ्ग | सन्दिप ओझा | शोभा खड्का |
| असोज | दिपा महतरा | देउ बहादुर गुरुङ्ग | सन्त माया गुरुङ्ग | राधा सि.के. सार्की |
| कार्तिक | सुदर्शन अर्याल | कमला गुरुङ्ग | जित वहादुर विश्वकर्मा | छबि लाल तिमिल्सीना |
| मंसिर | पदम प्रसाद पौडेल | याम बहादुर आले | गिता गुरुङ्ग | बामदेव पौडेल |
| पौष | नन्दलाल गुरुङ्ग | तेज बहादुर थापा | तेज बहादुर गुरुङ्ग | उज्वल पौडेल |
| माघ | भोज प्रसाद पोखेल | महेन्द्र वहादुर राना | विनु सुनार | मिरा भट्टराई |
| फागुन | नन्द कुमारी गुरुङ्ग | डिल बहादुर वि.क. | पूर्ण कुमारी वि.क. | नविना सुवेदी |
| चैत्र | बसुन्धरा दवाडी सुवेदी | मेकबहादुर गुरुङ्ग | गिता देवी पौडेल | सुजन पौडेल |
| बैशाख | धनमाया गुरुङ्ग | सविता रिमाल खड्का | हुम माया गुरुङ्ग | भानु भक्त दाहाल |
| जेठ | सत्या शेरचन | टोल बहादुर गुरुङ्ग | लाल माया थापा मगर | कमल प्रसाद अधिकारी |
| असार | नारायणी देवी गुरुङ्ग | सृजना उपाध्याय | अमृत बहादुर गुरुङ्ग | हरिकला थापा मगर |

## हिरो अफ द क्वाटर आ.व. २०८१/०८२

| त्रैमास | उत्कृष्ट कर्मचारी | पद/विभाग | कार्यरत कार्यालय |
|---|---|---|---|
| पहिलो त्रैमासिक | लक्ष्मी पौडेल लामिछाने | वरिष्ठ सहायक तेस्रो/लेखा विभाग | मोहरिया सेवाकेन्द्र |
| दोस्रो त्रैमासिक | देबीजङ्ग गुरुङ्ग | सहायक दोस्रो/सदस्य सेवा विभाग | प्रधान कार्यलय |
| तेस्रो त्रैमासिक | मन्जु ढकाल दाहाल | सुपरिवेक्षक चौथो/लेखा विभाग | प्रधान कार्यलय |
| चौथो त्रैमासिक | टंक बहादुर गुरुङ्ग | सुपरिवेक्षक चौथो/सदस्य सेवा विभाग | प्रधान कार्यलय |

| | क्र.सं. | कर्मचारीको नाम | पद | तह | नियुक्ती मिति |
|---|---|---|---|---|---|
| रजत सेवा पदक र सम्मान प्राप्त गर्ने कर्मचारीहरु | १ | मीलन ढकाल | मुख्य प्रबन्धक | नवौं | २०५६/०४/०१ |
| | २ | परमेश्वर दाहाल | प्रबन्धक | आठौं | २०५६/०४/०१ |
| | ३ | उमनाथ आचार्य | अधिकृत | सातौं | २०५६/०४/०१ |
| | ४ | डिल्ली राम ढकाल | सुपरभाइजर | चौथों | २०५७/०४/०१ |
| | ५ | श्रीधर आचार्य | सुपरभाइजर | चौथों | २०५७/०४/०१ |

| | क्र.सं. | कर्मचारीको नाम | पद | तह | नियुक्ती मिति |
|---|---|---|---|---|---|
| दशक सेवा पदक र सम्मान प्राप्त गर्ने कर्मचारीहरु : | १ | मीलन ढकाल | मुख्य प्रवन्धक | नवौ | २०५६/०४/०१ |
| | २ | परमेश्वर दाहाल | प्रवन्धक | आठौ | २०५६/०४/०१ |
| | ३ | उमनाथ आचार्य | अधिकृत | सातौ | २०५६/०४/०१ |
| | ४ | अभिषेक गुरुङ्ग | अधिकृत | सातौ | २०६९/०१/०१ |
| | ५ | डिल कुमारी गुरुङ्ग | वरिष्ठ सुपरिवेक्षक | पाँचौ | २०६५/११/११ |
| | ६ | देवी गुरुङ्ग | सुपरिवेक्षक | पाँचौ | २०६७/०४/०१ |
| | ७ | टंक बहादुर गुरुङ्ग | सुपरिवेक्षक | पाँचौ | २०७०/०१/०१ |
| | ८ | सन्तोष पौडेल | सुपरिवेक्षक | पाँचौ | २०६९/०१/०१ |
| | ९ | सरिता ढकाल बराल | सुपरिवेक्षक | चौथो | २०५६/०४/०१ |
| | १० | डिल्ली राम ढकाल | सुपरिवेक्षक | चौथो | २०५७/०४/०१ |
| | ११ | श्रीधर आचार्य | सुपरिवेक्षक | चौथो | २०५७/०४/०१ |
| | १२ | दीपा ठकुरी | सहायक सुपरिवेक्षक | चौथो | २०६८/११/०१ |
| | १३ | ज्ञानु महत वोहोरा | सहायक | तेस्रो | २०६९/०१/०१ |
| | १४ | नारायण सुवेदी (चुवाई) | म्यासेन्जर | विहिन | २०७०/०१/०१ |
| | १५ | विजया श्रेष्ठ | अधिकृत | छैटौं | २०७०/०६/०१ |
| | १६ | मन्जु ढकाल दाहाल | सुपरिवेक्षक | चौथों | २०७०/०६/०१ |
| | १७ | पुजा गुरुङ्ग | म्यासेन्जर | प्रथम | २०७०/०६/०१ |






# संरक्षित पूँजि फिर्ता कोष (Patronage Fund)

**संरक्षित पूँजि फिर्ता कोष भनेको के हो ?**

संरक्षित पूँजि फिर्ता कोष भनेको सहकारीको नाफाबाट निश्चित अनुपात आफ्ना सदस्यहरुलाई वितरण वा फिर्ता गरिने रकम हो । सदस्यहरुले एक आर्थिक बर्षमा गरेको कारोबारको आधारमा उक्त रकम बाँडफाँड गरिन्छ ।

**सहकारीमा संरक्षित पूँजि फिर्ता कोष वितरणको प्रक्रिया यस प्रकार हुन्छ :**

- सहकारीले करपछि कमाएको नाफाबाट २५% रकम साधारण जगेडा कोषमा राख्नु पर्छ । त्यस पश्चात बाँकी रकमलाई शतप्रतिशत मानेर त्यसको २५% संरक्षित पूँजि फिर्ता कोषमा छुट्याइन्छ ।
- संरक्षित पूँजि फिर्ता कोषको रकम मध्ये ६०% ऋणको कारोबार गर्नेलाई (ऋणबाट संस्थाले प्राप्त गरेकोको ब्याजको आधारमा) र ४०% बचतको कारोबार गर्नेलाई (बचतमा संस्थाले दिएको ब्याजको आधारमा) वितरण गरिन्छ ।
- माथि जे लेखिएको भएता पनि कानुन अनुसार ऋण किस्ताको भाखा नघाएका सदस्यले यो ऋणको कारोबारको आधारबाट पाउने रकम पाउँदैनन् उनीहरूको हिस्सा साधारण जगेडा कोषमा स्थानान्तरण हुन्छ तर बचतको कारोबारको आधारमा पाउने रकम चाँही प्राप्त गर्नेछ ।

संरक्षित पूँजि फिर्ता कोष सहकारीको सुन्दर पक्ष हो । यसले सहकारीको सेवाहरु उपभोग गरे अनुसार




कारोबारको आधारमा वफादार सदस्यलाई प्रदान गरिने पुरस्कार हो र यही सहकारी र अन्य वित्तीय संस्थाबीचको मुख्य भिन्नता पनि हो ।

**संरक्षित पूँजि फिर्ता कोष सम्बन्धी धेरै सोधिने प्रश्नहरु** (FAQ)

**१. मेरो संरक्षित पूँजि फिर्ता कोष रकम कति हुन्छ ?**

प्रत्येक वर्षको नाफा र तपाईंको कारोबारको मात्रामा निर्भर हुन्छ ।

**२. मैले हरेक आर्थिक वर्षमा उक्त रकम कसरी बढाउन सक्छु ?**

सहकारीसँग कारोबारमा बृद्धि गर्ने तथा ऋण लिनु भएकोछ भने नियमित किस्ता तिर्नुपर्ने हुन्छ ।

**३. यसले मलाई र सहकारीलाई कसरी फाइदा गर्छ ?**

सदस्यलाई नियमित कारोबारको बदलामा अतिरिक्त रकम लाभ हुन्छ । सहकारीको हकमा नाफा वितरणको दिगो र न्यायपूर्ण तरिका अंगाल्छ, सदस्यको संलग्नतामा बृद्धि आउँछ र पारदर्शिता समेत सुदृढ हुन्छ ।

**४. के सबै सहकारीले यो पालन गर्नैपर्छ ?**

हो, कानुन अनुसार साधारण जगेडा कोषमा रकमान्तर पश्चातको नाफा रकम मध्येबाट २५% संरक्षित पूँजि फिर्ता कोषमा छुट्याउनु अनिवार्य छ ।

**५. कसले उक्त रकम पाउने छैन ?**

समयमै किस्ता नबुझाउने ऋणी सदस्यले उक्त रकम पाउने छैन तर उसले गरेको बचतको कारोबारबाट प्राप्त हुने रकम चाँही पाउनेछ ।

**६. के कर काटिन्छ ?**

हालको कानुन अनुसार ५% कर कट्टा हुन्छ तर यो व्यवस्था परिवर्तन पनि हुन सक्दछ ।

**७. हरेक वर्ष वितरण हुन्छ ?**

सहकारीले नाफा कमाएमा हरेक वर्ष वितरण गर्न अनिवार्य छ ।

# पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा प्रवर्द्धित रोयल फाउण्डेसनबाट पेन्सन प्राप्त सदस्यहरूको नामावली

| क.स. | प्रोफाईल नं | नाम | देखि | सम्म |
|---|---|---|---|---|
| १ | ६२४८ | एलियाम्मा जोन् | २०७९/०६/२७ | २०८२/०८/०१ |
| २ | ४७३६ | बबर सिं गुरुङ्ग | २०७६/०७/२६ | २०८२/०८/०१ |
| ३ | ९२३६ | वाला सिंह गरुङ्ग | २०८०/०६/३० | २०८२/०८/०१ |
| ४ | १०१६१ | वेद वहादुर थापा | २०८१/०७/३० | २०८२/०८/०२ |
| ५ | १४०१५ | वेल वहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०२ |
| ६ | ५४७३ | बेल कुमारी गुरुङ्ग | २०७६/०७/२६ | २०८२/०८/०१ |
| ७ | १०९८९ | भक्त वहादुर गुरुङ्ग्ग | २०८२/०८/०१ | |
| ८ | ८०५१ | भेष राज ढकाल | २०७६/०७/२६ | २०८२/०८/०३ |
| ९ | १११२३ | वि माया गुरुङ्ग | २०८१/०७/३० | २०८२/०८/०२ |
| १० | ४७३८ | विल वहादुर गुरुङ्ग्ग | २०७६/०७/२६ | २०८०/०६/३० |
| ११ | ७२६५ | विर कासी गुरुङ्ग | २०८१/०७/३० | २०८२/०८/०१ |
| १२ | ८३३९ | विर्ता सिहं गुरुङ्ग | २०७६/०७/२६ | २०८२/०८/०१ |
| १३ | ८३१७ | विश्वरत्न शाक्य | २०८२/०८/०१ | |
| १४ | ३०९७ | बुद्धि कुमारी गुरुङ्ग | २०८०/०६/३० | २०८२/०८/०२ |
| १५ | ८३२२ | चमान बहादुर श्रेष्ठ | २०७६/०७/२६ | २०८२/०८/०१ |
| १६ | ८३३२ | चन्द्र बहादुर गुरुङ्ग | २०७६/०७/२६ | २०८२/०८/०१ |
| १७ | ८३९८ | दल वहादुर गरुङ्ग | २०७७/०९/०६ | २०८२/०८/०१ |
| १८ | ६९९५ | दल कुमारी गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| १९ | ७३३५ | डम्मर बहादुर गुरुङ्ग | २०७६/०७/२६ | २०७९/०६/२७ |
| २० | ११५५३ | डिल बहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| २१ | ८३५६ | दिर्क बहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०३ |
| २२ | २७७१ | गज वहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०३ |
| २३ | ३१७८ | गम्वीर सिं गुरुङ्ग | २०८१/०७/३० | २०८२/०८/०१ |
| २४ | ११३४७ | ज्ञानेन्द्रकुमार तभ्या | २०८१/०७/३० | २०८२/०८/०१ |
| २५ | ७३७ | हनिफ मिया | २०७९/०६/२७ | २०८२/०८/०१ |
| २६ | ३२६९ | हर्क ध्वोज गुरुङ्ग | २०८०/०६/३० | २०८१/०७/३० |
| २७ | १०३६६ | हिन्दुमाया गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| २८ | १११५७ | इनद्र बहादुर गुरुङ्ग | २०७६/०७/२६ | २०८१/०७/३० |
| २९ | ८३४९ | जय बहादुर गुरुङ्ग | २०७८/०८/०८ | २०८२/०८/०१ |
| ३० | ४९२८ | जयबहादुर श्रेष्ठ | २०७६/०७/२६ | २०८२/०८/०१ |
| ३१ | ११३३२ | खासा माया गुरुङ्ग | २०८२/०८/०२ | |
| ३२ | १४०८० | किरण चन्द मल्ल | २०८०/०६/३० | २०८२/०८/०१ |
| ३३ | ९७९ | कोश बहादुर गुरुङ्ग | २०८१/०७/३० | २०८२/०८/०२ |
| ३४ | ८३३८ | कृष्ण बहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८०/०६/३० |
| ३५ | ८२१० | मधु माया दाहाल | २०७७/०९/०६ | २०८२/०८/०१ |
| ३६ | ३०७० | मैना कुमारी गुरुङ्गसेनी | २०८०/०६/३० | २०८२/०८/०२ |
| ३७ | ८३४५ | मन बहादुर गुरुङ्ग | २०७६/०७/२६ | २०८१/०७/३० |
| ३८ | १०१३८ | मन वहादुर कामी | २०७९/०६/२७ | २०८२/०८/०१ |
| ३९ | १३३४० | मोतीमाया नकर्मी | २०८१/०७/३० | २०८२/०८/०१ |
| ४० | ११२९५ | नर वहादुर गुरुङ्ग | २०८२/०८/०२ | |
| ४१ | ६१८० | नर प्रसाद गुरुङ्ग | २०७९/०६/२७ | २०८०/०६/३० |
| ४२ | ४७४३ | नौजङ्ग गुरुङ्ग | २०८२/०८/०१ | |
| ४३ | ११६०४ | नील प्रसाद गुरुङ्ग | २०७६/०७/२६ | २०८२/०८/०२ |
| ४४ | ११७८२ | नीर वहादुर गुरुङ्ग | २०८२/०८/०२ | |
| ४५ | ६९६९ | पूर्न वहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| ४६ | ६०८५ | राम वहादुर सार्की | २०७९/०६/२७ | २०८१/०७/३० |
| ४७ | ४७३७ | रामप्यारी गुरुङ्ग | २०७६/०७/२६ | २०८२/०८/०१ |
| ४८ | ७७ | रेसम लाल गुरुङ्ग | २०७७/०९/०६ | २०८२/०८/०२ |
| ४९ | ७२५२ | सारजंग गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| ५० | १०३९३ | सार्की स्यो गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| ५१ | ८३६३ | शेर वहादुर गुरुङ्ग | २०७९/०६/२७ | २०८२/०८/०१ |
| ५२ | ११५८८ | टिका देवि ढकाल | २०७८/०८/०८ | २०८२/०८/०३ |
| ५३ | २६१४ | तुलसी प्रसाद गुरुङ्ग | २०७६/०७/२६ | २०७९/०६/२७ |

## हार्दिक बधाई तथा शुभकामना



बुद्ध सिं गुरुङ - वर्ष उत्कृष्ट सदस्य २०८१/२०८२



बिरमाया गुरुङ - वर्ष उत्कृष्ट सदस्य २०८१/२०८२



मञ्जु ढकाल दाहाल - वर्ष उत्कृष्ट कर्मचारी २०८१/२०८२

# वर्तमान समिति/उपसमितिको नामावली


| सञ्चालक समिति | |
|---|---|
| रुद्र कुमारी गुरुङ्ग | अध्यक्ष |
| चन्द्र प्रसाद गुरुङ्ग | उपाध्यक्ष |
| केशव प्रसाद ढकाल | सचिव |
| सूर्य मोहन ढकाल | कोषाध्यक्ष |
| एक बहादुर गुरुङ्ग | सदस्य |
| खिम कुमारी गुरुङ्ग | सदस्य |
| जङ्ग बहादुर गुरुङ्ग | सदस्य |
| हिरा लाल श्रेष्ठ | सदस्य |
| पूर्णिमा अधिकारी | सदस्य |
| | |
| **लेखा सुपरिवेक्षण समिति** | |
| नारायण सुवेदी | संयोजक |
| अपीला ढकाल | सदस्य |
| दुर्लब थापा | सदस्य |
| **उच्च व्यवस्थापन समूह** | |
| कार्यालय प्रमुख | संयोजक |
| मीलन ढकाल | सदस्य |
| परमेश्वर दाहाल | सदस्य |
| **सल्लाहकार परिषद्** | |
| भोजराज घिमिरे | सल्लाहकार |
| एक नारायण शर्मा | सल्लाहकार |
| हर्कबहादुर गुरुङ्ग | सल्लाहकार |
| | |
| **ऋण उपसमिति** | |
| चन्द्र प्रसाद गुरुङ्ग | संयोजक |
| हिरा लाल श्रेष्ठ | सदस्य |
| कार्यालय प्रमुख | सदस्य |
| **व्यवसाय प्रवर्द्धन उपसमिति** | |
| चन्द्र प्रसाद गुरुङ्ग | संयोजक |
| कोपिला श्रेष्ठ | सदस्य |
| मिना कुमारी गुरुङ्ग | सदस्य |
| **ब्राण्डिङ्ग कार्यदल** | |
| केशव प्रसाद ढकाल | संयोजक |
| भीम बहादुर गुरुङ्ग | सदस्य |
| अभिषेक गुरुङ्ग | सदस्य |

| गैह्र बैकिङ्ग सम्पत्ति व्यवस्थापन कार्यदल | |
|---|---|
| केशव प्रसाद ढकाल | संयोजक |
| जङ्ग बहादुर गुरुङ्ग | सदस्य |
| उमनाथ आचार्य | सदस्य |
| **शिक्षा तालिम तथा सूचना उपसमिति** | |
| सूर्य मोहन ढकाल | संयोजक |
| विष्णुहरि ढकाल | सदस्य |
| गेहेन्द्र गुरुङ्ग | सदस्य |
| **श्रम सम्बन्ध उपसमिति** | |
| सूर्य मोहन ढकाल | संयोजक |
| माधव भण्डारी | सदस्य |
| विजया श्रेष्ठ | सदस्य |
| **दुलेगौंडा सेवाकेन्द्र व्यवस्थापन उपसमिति** | |
| एक बहादुर गुरुङ्ग | संयोजक |
| जित बहादुर गुरुङ्ग | सदस्य |
| पुतली श्रेष्ठ | सदस्य |
| **महिला उपसमिति** | |
| खिम कुमारी गुरुङ्ग | संयोजक |
| कमला देवी गुरुङ्ग | सदस्य |
| दुर्गा देवी गुरुङ्ग | सदस्य |
| **भण्डारढिक, मोहरिया सेवाकेन्द्र व्यवस्थापन उपसमिति** | |
| जङ्ग बहादुर गुरुङ्ग | संयोजक |
| सरिता अधिकारी लामिछाने | सदस्य |
| जगन काजी गुरुङ्ग | सदस्य |
| **श्रम सुरक्षा तथा स्वास्थ्य उपसमिति** | |
| हिरा लाल श्रेष्ठ | संयोजक |
| गिर बहादुर गुरुङ्ग | सदस्य |
| सरस्वती भुजेल | सदस्य |
| **स्वास्थ्य तथा वातावरण उपसमिति** | |
| पूर्णिमा अधिकारी | संयोजक |
| सुब्रिना गुरुङ्ग | सदस्य |
| भवानी देवी श्रेष्ठ | सदस्य |
| **युवा तथा अतिरिक्त क्रियाकलाप उपसमिति** | |
| सचिन आचार्य | संयोजक |
| विशाल प्रधान | सदस्य |
| मञ्जिल दाहाल | सदस्य |




## के तपाईले सदस्य परिचय पत्र लिनुभयो ?

लिनुभएको छैन भने नजिकैको कार्यालयमा सम्पर्क गरी परिचय पत्रको प्रिन्ट गरिदिन माग गर्नुहोला र प्रिन्ट भएको यकिन गरि कार्यालयबाट संकलन गर्नुहुन सबै सदस्यज्युमा हार्दिक अनुरोध साथै सुचित गरिन्छ ।


पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
सदस्य परिचय पत्र
सदस्यता नं. :
नाम :
ठेगाना :
सम्पर्क नं. :
नागरिकता नं. :
...............
प्रमाणित गर्ने

"सुखी सदस्य, दिगो सहकारी"


### सहकारीका सामाजिक संजाल र वेबसाइटका लिंकहरु

माथिको क्यू आर कोडको लिंक प्रयोग गरी संस्थाको सामाजिक संजालहरुमा आजै जोडिनुहोस् ।


## संस्थाको कार्यालयहरूको विवरण

**कार्यालय र स्थानको नक्शा (Location Map)**


**प्रधान कार्यालय : रोयल सहकारी भवन, पोखरा १०, कास्की**
**फोन नं: ०६१-५८७८३३, ५८८८३३, ५७०९३३**





**दुलेगौडा सेवाकेन्द्र शुक्लागण्डकी ४, तनहुँ**
**फोन नं: ०६५-४१४४९०**




**भण्डारढिक सेवाकेन्द्र पोखरा २९, कास्की**
**फोन नं: ०६१-५६४७७५**




**मोहरिया सेवाकेन्द्र पोखरा ३१, कास्की**
**फोन नं: ०६१-५६३९०३**




**अन्य विवरणहरु :**
ईमेल : info@royalcooperative.com
वेबसाईट : www.royalcooperative.com
कार्यक्षेत्र : ५ जिल्ला (कास्की, तनहुँ, स्याङजा, लमजुङ्ग र पर्वत)